मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ५ ● २०८० साल मंसिर ०७ गते बिहीबार ● Thursday 23, November 2023 ● सूर्योदय: बिहान ६:३० बजे ● सूर्यास्त: साँझ ५:१२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

### स्थानीय तहको पैसा लगातार दुरुपयोग
## पालिकामा साढे ४ अर्ब भन्दा बढी बेरुजु

**अनिल पोखरेल**
**राजविराज ।**

सप्तरीका १८ स्थानीय तहबाट साढे ४ अर्ब रुपैयाँ भन्दा बढी बेरुजु असुल गर्न बाँकी छ । पालिकाले विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति, फर्म तथा व्यक्तिबाट असुल गर्नु पर्ने बेरुजु रकम चार अर्ब ६३ करोड ३५ लाख ३४ हजार ४ सय ७६ रुपैयाँ रहेको पाइएको हो ।
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ बमोजिम बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ । सोही ऐनको दफा ८४ (२) (घ) बमोजिम बेरुजु फछ्र्यौट गर्ने गराउने कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था भए पनि कुनैपनि प्रमुख प्रशासकीय अधिकृतले बेरुजु असुल गर्न तदारुकता नदेखाएको महालेखाको प्रतिवेदनले पुष्टि गरेको छ ।
महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन २०७७ अनुसार सबैभन्दा बढी राजविराज नगरपालिकाको ६५ करोड १५ लाख ४ हजार रुपैयाँ बेरुजु छ । साथै दोस्रोमा कञ्चनरूप नगरपालिका ४८ करोड ३७ लाख ५८ हजार रुपैयाँ महालेखा परीक्षकको कार्यालयले बेरुजु देखाएको छ । धेरैजसो बेरुजु देखिएको रकमको शीर्षकमा प्रमाण कागजात पेस नगरेको, पेस्की बाँकी, असुल गर्नुपर्ने र नियमित गर्नुपर्ने लगायत छन् ।
राजविराज नगरपालिकाले आर्थिक वर्ष २०७८–७९ सम्ममा विभिन्न शीर्षकमा ६ करोड ९९ लाख ५६ हजार १ सय ५६ रुपैयाँ बेरुजु भएको महालेखा परीक्षकको प्रतिवेदन २०७९ ले ठहर गरेको छ । विगतका वर्षहरूको अद्यावधिक रकमसहित यस २०७८–७९ सम्ममा ६५ करोड १५ लाख ४ हजार रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । कञ्चनरूप नगरपालिकामा विगतका वर्षहरूको अद्यावधिक रकमसहित यस २०७८–७९ सम्ममा ४८ करोड ३७ लाख ५८ हजार रहेको महालेखाको प्रतिवेदनले देखाएको छ । २०७८–७९ मा मात्रै लेखा परीक्षण बाट करोड २७ लाख ९३ हजार रुपैयाँ बेरुजु देखिएको उल्लेख छ ।
त्यस्तै, सप्तकोसी नगरपालिका २०७८–७९ मा लेखापरीक्षणबाट १ करोड ७४ लाख ८२ हजार रुपैयाँ बेरुजु देखिएको छ । हालसम्मको अद्यावधिक बेरुजु रकम १२ करोड ९५ लाख ५२ हजार रुपैयाँ महालेखाको प्रतिवेदनमा उल्लेख छ ।
यता, हनुमाननगर कंकालिनी नगरपालिका २०७८–७९मा २ करोड ९३ लाख ८ हजार रुपैयाँ बेरुजु देखिएको छ । यो वर्ष सम्म अद्यावधिक बेरुजु १९ करोड २४ लाख २६ हजार रुपैयाँ पुगेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । यसैगरी, शम्भुनाथ नगरपालिकामा लेखा परीक्षण बाट ६ करोड ७३ लाख ६३ हजार रुपैयाँ बेरुजु रहेको उल्लेख छ । हालसम्मको अद्यावधिक बेरुजु ४४ करोड ७९ लाख ६५ हजार रुपैयाँ रहेको महालेखाले जनाएको छ । यसैगरी, सुरुङ्गा नगरपालिकामा बेरुजु रकम ३ करोड ६२ लाख ८७ हजार रुपैयाँ लेखापरीक्षणबाट देखिएको छ । प्रत्येक वर्षको बेरुजु अद्यावधिक हुँदै १२ करोड ८७ लाख ७४ हजार रुपैयाँ पुगेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । खडक नगरपालिकाको लेखा परीक्षण प्रतिवेदन केलाउँदा ६ करोड ४३ लाख ५७ हजार रुपैयाँ बेरुजु देखिएको छ भने हालसम्म अद्यावधिक हुँदै आउँदा २३ करोड २ लाख २३ हजार रुपैयाँ बेरुजु भएको उल्लेख छ ।
यता, डाक्रेश्वरी नगरपालिकाको लेखापरीक्षणबाट ७ करोड १८ लाख ६ हजार रुपैयाँ बेरुजु देखिएको छ । हालसम्म अद्यावधिक हुँदै आउँदा ३४ करोड १३ लाख १३ हजार रुपैयाँ पुगेको उल्लेख छ । यसैगरी, बोदेबरसाईन नगरपालिकाको लेखा परीक्षण केलाउँदा ८ करोड ५३ लाख ७३ हजार रुपैयाँ बेरुजु देखिएको छ । हालसम्म अद्यावधिक भएको बेरुजु रकम २७ करोड १८ लाख २१ हजार रुपैयाँ रहेको छ ।
यसैगरी, तिरहुत गाउँपालिकामा पनि ४ करोड ८३ लाख २४ हजार रुपैयाँ बेरुजु देखिएको छ भने विगत वर्षदेखि हालसम्म अद्यावधिक भएको बेरुजु रकम २६ करोड २३ लाख ४७ रुपैयाँ हजार रहेको लेखा परीक्षणमा उल्लेख छ । यता, तिलाठी कोईलाडी गाउँपालिकामा ११ करोड २९ लाख ५६ हजार रुपैयाँ बेरुजु देखिएको छ भने हालसम्मको अद्यावधिक बेरुजु ३७ करोड २ लाख २४ हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । रुपनी गाउँपालिकाको लेखा परीक्षणले २ करोड ७७ लाख ८६ हजार रुपैयाँ बेरुजु देखिएको छ भने हालसम्मको अद्यावधिक बेरुजु १४ करोड ७६ लाख ८ हजार रुपैयाँ रहेको छ ।
यसैगरी, राजगढ गाउँपालिकाको लेखापरीक्षणले देखाएको बेरुजु रकम ८ करोड ७६ लाख ९० हजार रुपैयाँ रहेको छ । हालसम्मको अद्यावधिक ३६ करोड २२ लाख २९ हजार रुपैयाँ बेरुजु पुगेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । महादेवा गाउँपालिकामा ३ करोड २८ लाख ४६ हजार रुपैयाँ बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ भने विगतदेखि हालसम्मको अद्यावधिक १५ करोड ९१ लाख ९५ हजार रुपैयाँ बेरुजु पुगेको प्रतिवेदनले देखाएको छ । यता, छिन्नमस्ता गाउँपालिकामा पनि लेखापरीक्षण प्रतिवेदनका अनुसार ५ करोड ८३ लाख ३९ हजार रुपैयाँ बेरुजु देखिएको छ । साथै हालसम्मको अद्यावधिक बेरुजु २७ करोड ४५ लाख ७ हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । विष्णुपुर गाउँपालिकाको लेखापरीक्षणबाट ५ करोड ३९ लाख ६६ हजार रुपैयाँ बेरुजु देखिएको छ भने प्रत्येक वर्ष बेरुजु बढ्दै गएर अद्यावधिकमा २८ करोड ९१ हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।
बलान बिहुल गाउँपालिकामा पनि १४ करोड १७ लाख ७९ हजार रुपैयाँ बेरुजु रकम देखिएको छ भने हालसम्मको अद्यावधिक बेरुजु ७ करोड ४७ लाख ८८ हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । अग्निसाईर कृष्णासवरन गाउँपालिकाको आर्थिक वर्ष २०७८–७९ सम्ममा विभिन्न शीर्षकमा ४ करोड २८ लाख २८ हजार रुपैयाँ बेरुजु ठहर गरेको महालेखा परीक्षकको प्रतिवेदन २०७९ मा उल्लेख छ भने हालसम्मको अद्यावधिक बेरुजु २२ करोड ६ लाख ३५ हजार रुपैयाँ रहेको महालेखाको प्रतिवेदनमा उल्लेख छ । फछ्र्यौट गर्न बाँकी रहेको सम्पूर्ण रकम असुल फछ्र्यौट गर्नुपर्ने महालेखा परीक्षकको कार्यालयले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेको छ ।

| स्थानीय तह | अद्यावधिक बेरुजु रकम |
|---|---|
| १. राजविराज नगरपालिका | ६५ करोड १५ लाख ४ हजार रुपैयाँ |
| २. कञ्चनरूप नगरपालिका | ४८ करोड ३७ लाख ५८ हजार रुपैयाँ |
| ३. सप्तकोसी नगरपालिका | १२ करोड ९५ लाख ५२ हजार रुपैयाँ |
| ४. हनुमाननगर कंकालिनी नपा | १९ करोड २४ लाख २६ हजार रुपैयाँ |
| ५. शम्भुनाथ नगरपालिका | ४४ करोड ७९ लाख ६५ हजार रुपैयाँ |
| ६. सुरुङ्गा नगरपालिका | १२ करोड ८७ लाख ७४ हजार रुपैयाँ |
| ७. खडक नगरपालिका | २३ करोड २ लाख २३ हजार रुपैयाँ |
| ८. डाक्रेश्वरी नगरपालिका | ३४ करोड १३ लाख १३ हजार रुपैयाँ |
| ९. बोदेबरसाईन नगरपालिका | २७ करोड १८ लाख २१ हजार रुपैयाँ |
| १०. तिरहुत गाउँपालिका | २६ करोड २३ लाख ४७ रुपैयाँ |
| ११. तिलाठी कोईलाडी गापा | ३७ करोड २ लाख २४ हजार रुपैयाँ |
| १२. रुपनी गाउँपालिका | १४ करोड ७६ लाख ८ हजार रुपैयाँ |
| १३. राजगढ गाउँपालिका | ३६ करोड २२ लाख २९ हजार रुपैयाँ |
| १४. महादेवा गाउँपालिका | १५ करोड ९१ लाख ९५ हजार रुपैयाँ |
| १५. छिन्नमस्ता गाउँपालिका | २७ करोड ४५ लाख ७ हजार रुपैयाँ |
| १६. विष्णुपुर गाउँपालिका | २८ करोड ९१ हजार रुपैयाँ |
| १७. बलान बिहुल गाउँपालिका | ७ करोड ४७ लाख ८८ हजार रुपैयाँ |
| १८. अग्निसाईर कृष्णासवरन गापा | २२ करोड ६ लाख ३५ हजार रुपैयाँ |

*स्रोतः महालेखा*

## प्रसाईंको सभाले मधेश पनि तरंगित



सरकारले बिहीबार ४ हजार ७ सय ८३ प्रहरी, एक हजार ५ सय ८८ सशस्त्र प्रहरी र ३ सय ५१ राष्ट्रिय अनुसन्धानका कर्मचारी परिचालन गर्ने भएको छ । ६ हजार ७ सय २२ सुरक्षाकर्मी परिचालन मात्र होइन बुधबार साँझदेखि काठमाडौँ जाने सबै नाकामा बाक्लो मात्रामा सुरक्षाकर्मी परिचालन भएको छ । मंसिर ९ गते झापामा स्वयम् पूर्वराजा ज्ञानेन्द्र शाह नबोलेसम्म राजतन्त्रको हावा चलिरहने देखिन्छ ।

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

नेपाली समुदायले चलाउने अधिकांश सामाजिक सञ्जालमा एक हिसाबले 'भाइरल' दुर्गा प्रसाईं र नेकपा एमालेको युवादस्ता युवा संघ नेपालले आज बिहीबार काठमाडौँमा छुट्टाछुट्टै सभा आयोजना गरेका छन् । मंगलबार वीरगंज आएका नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले समेत युवासंघको सानो सभा देखेर 'केहीले निकै कसरत गरिरहेको' भन्ने टिप्पणी गरेपछि यसले मधेशमा पनि तरंग ल्याएको छ । एकातिर दुर्गा प्रसाईं केपी ओली र महेश बस्नेतको गुण्डागर्दीविरुद्ध यो व्यवस्था नै फालेर राजतन्त्र ल्याउने भनेर हिँडिरहेका छन् भने उनलाई राजावादी शक्तिहरुको साथ देखिएपछि कतै व्यवस्था नै बदलिने वातावरण बनेको हो कि भनेर मधेशी समाज तरंगित भएको छ ।
झापाको बिएण्डसी मेडिकल कलेजका मालिक प्रसाईंले ऋण तिर्न नपर्ने, मिनाह गर्नुपर्ने, बैंक तथा वित्तीय संस्था र उद्योगका नाममा ठूलो ऋण लिने मारवाडी समुदाय लखेट्नु पर्नेजस्ता अभिव्यक्तिले मधेशमा पनि प्रसाईंको चर्चा चुलिएको हो । बुधबार उनले 'झापा आउन केपी ओलीले र भक्तपुर छिर्न महेश बस्नेतले दुर्गा प्रसाईंलाई सोध्नु पर्ने बनाइदिन्छु' भनेर दिएको अभिव्यक्ति सामाजिक सञ्जाल चलाउँदै गरेको मधेशको समाजमा पनि भाइरल बनेपछि कतै राजतन्त्रको पुनरागमनमा भित्रभित्रै खिचडी पाकिरहेको त होइन भनेर मधेशका सर्वसाधारण पनि चनाखो बनेका छन् ।
वैशाखदेखि दुर्गा प्रसाईंले देशका प्रमुख सहरमा कार्यक्रम गरेर जनताको ध्यान आफूतिर ताने । २० लाख रुपैयाँ भन्दा कम ऋण सरकारले मिनाह गर्नु पर्छ भन्ने मुद्दाले एकाएक उनको लोकप्रियता चुलियो । जनता लघुवित्तको ससाना ऋणको ब्याज र हर्जानाबाट आजित भइरहँदा प्रसाईंले कहिले विदेशमा मरेकाको शव ल्याउन जाने त कहिले अनेक लोकल्याणका मुद्दा उठाएर सिंगो देशको ध्यान आफूतिर ताने । वीरगंजमा पनि उनले कार्यक्रम गरेका थिए । राप्रपाले समेत आँट गर्न नसकिएरहेको राजतन्त्र र हिन्दूको मुद्दा उनले बोक्दा जनताको ठूलो सहूको साथ थियो । व्यवस्था खराब, नेताहरु खराब भन्दै उनले भएभरका जनतालाई आफूतिर तान्न सफल भएपछि राप्रपा र राजावादीहरु पनि प्रसाईंको कार्यक्रमलाई साथ दिन थाले । यहीबेला सरकारले बुधबार मात्रै राष्ट्रपति, प्रधानमन्त्रीलगायतका स्थानमा पनि निषेधाज्ञा लगाएपछि गाउँगाउँमा सन्देश पुग्यो कि साँच्चै दलका नेताहरु डराए । राजा फर्कन्छन् कि भन्ने संशयले सर्वसाधारण मात्र होइन व्यापारी, उद्योगी पनि सोच्न थाले । के यस्तो अवस्था आइसकेको हो र ? यसरी मधेशमा सोच्नु पर्ने अवस्था आउनुमा भने केन्द्र सरकारको हतास, हल्ला र निषेधको राजनीति पनि हो ।
राष्ट्रपति, प्रधानमन्त्री, सिंहदरबारमा निषेधाज्ञासँगै सरकारले पहिलोपटक सामान्य दुई समूहको आमसभाका लागि झण्डै ७ हजार सुरक्षाकर्मी परिचालन गरेको छ । यति ठूलो मात्रामा सुरक्षाकर्मी परिचालन के का लागि ? साँच्चै व्यवस्था खतरामा परेको हो ? सत्ता जोगाउनै पर्ने अवस्था बनेको हो भन्ने प्रश्न जनजनमा उब्जिएको छ । सरकारले बिहीबार प्रसाईं र युवासंघको कार्यक्रम लक्षित गरेर ४ हजार ७ सय ८३ प्रहरी, एक हजार ५ सय ८८ सशस्त्र प्रहरी र ३ सय ५१ राष्ट्रिय अनुसन्धानका कर्मचारी परिचालन गरेको छ । ६ हजार ७ सय २२ सुरक्षाकर्मी परिचालन मात्र होइन बुधबार साँझदेखि काठमाडौँ जाने सबै नाकामा बाक्लो मात्रामा सुरक्षाकर्मी परिचालन भएको छ । कागजात हेरेर मात्र काठमाडौँ छिर्न दिइएको छ । यो सबै घटनाक्रमले व्यवस्था बदलिन लागेको भन्दै जनमानसमा तरंग फैलिएको छ । के होला बिहीबार काठमाडौँमा ? सबैको ध्यान केन्द्रित छ । राजतन्त्रको हावा देशभर बगेको छ ।
यो हावा मंसिर ९ गते झापामा स्वयम् पूर्वराजा ज्ञानेन्द्र शाह नबोलेसम्म चलिरहने देखिन्छ ।




### विद्यालय बन्द गरेर एमालेको आमसभा
## मेयरको निर्देशनमा विद्यालयमा स्थानीय बिदा

**मधेशदृष्टि**
**वीरगंज ।**

मधेशको समृद्धिका लागि शिक्षामा जोड दिनुपर्छ भन्दै दुःख गरेर भए पनि छोराछोरीलाई पढाउन मधेशबासीलाई आह्वान गर्ने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको पोखरियामा मंगलबार भएको कार्यक्रममा जनसहभागिताका लागि विद्यालय बन्द गराइएको पाइएको छ । नगरपालिकामा एमालेबाट निर्वाचित मेयरले नै आमसभामा भिड बढाउन र अध्यक्ष ओलीलाई खुशी पार्न विद्यालय बन्द गराएको पाइएको हो । एमाले अध्यक्ष ओलीको उपस्थितिमा आयोजित पार्टी प्रवेश तथा आमसभा कार्यक्रममा जनसहभागिता जुटाउन नेकपा एमाले नगर समिति पोखरियाको निर्देशनमा पोखरियाका नगरप्रमुख प्रद्युम्न चौहानले जिल्ला उच्चाङ्गल रामदेव कलवार माध्यमिक विद्यालय पोखरियामा विद्यार्थीको पठनपाठन बन्द गराएको पाइएको हो । विद्यालयमा मङ्गलबार सार्वजनिक बिदा दिएर एमालेले आमसभा तथा पार्टी प्रवेश कार्यक्रम आयोजना गर्दा विद्यार्थी पढ्न पाउनु पर्ने अधिकारबाट वञ्चित भएका छन् । कार्यक्रमलाई पूर्वप्रधानमन्त्रीसमेत रहेका केपी शर्मा ओलीलगायत नेकपा एमालेका नेताहरु योगेश भट्टराई, रघुवीर महासेठलगायतले सम्बोधन गरेका थिए । विद्यालयमा तिहार र छठपर्वको बिदा मङ्सिर ४ गतेसम्म रहे पनि आमसभा र पार्टी प्रवेश कार्यक्रमकै कारण विद्यालयमा थप एक दिनका लागि बिदा दिइएको बुझिएको छ । कार्यक्रममा पोखरिया नगरपालिकाका मेयर प्रद्युम्न चौहान र उपमेयर रुवी ठाकुर पनि सहभागी थिए । पोखरिया नगरपालिकामा नेकपा एमालेका जनप्रतिनिधि छन् । छोराछोरीलाई जसरी पनि दुःख गरेर विद्यालय पठाउन आह्वान गर्ने एमाले अध्यक्ष ओलीले विद्यालय बन्द गराएर कार्यक्रम गर्दा ओलीले बोल्ने एउटा गर्ने अर्को सिद्ध भएको पोखरिया नगरपालिकाका पूर्वनगरप्रमुख दीपनारायण रौनियारले बताए । उनले विद्यालयलाई शान्तिक्षेत्र र राजनीतिक दलको कार्यक्रम निषेधित क्षेत्र घोषणा गरिए पनि मंगलबार पोखरियामा विद्यालय बन्द गराएर एमालेले पार्टी प्रवेश तथा आमसभा गर्नु दुःखद विषय भएको भन्दै आपत्ति प्रकट गरे ।

## दुर्घटनामा तीनको मृत्यु

**मधेशदृष्टि**
**राजविराज ।**

सिरहाको सन्हैठामा दुई मोटरसाइकल आपसमा ठोकिदा एकै वडाका तीन जनाको मृत्यु भएको छ भने एकजना गम्भीर घाइते भएका छन् । हुलाकी सडकमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स २ प ४७३१ नम्बरको मोटरसाइकल र पश्चिमबाट पूर्व गइरहेको प्रदेश २–०१–००१ प १८५० नम्बरको मोटरसाइकल आपसमा ठोक्किएको हो । घटनामा तीन जनाको मृत्यु र एकजना घाइते भएको सिरहाका प्रहरी प्रवक्ता डीएसपी रविन्द्रराज पाण्डेले जानकारी दिए । उनका अनुसार अर्नामा गाउँपालिका–५ का २७ वर्षीय दिनेश कुमार यादव, ३२ वर्षीय रामवृक्ष यादव र १९ वर्षीय मुकेश सिंहको मृत्यु भएको छ । सोही ठाउँका १५ वर्षीय युवराज कुमार यादव गम्भीर घाइते भएका छन् । घाइते युवराजको उपचार सिरहा प्रादेशिक अस्पतालमा सम्भव नभएपछि विराटनगरको न्युरो अस्पताल पठाइएको छ । को कुन मोटरसाइकलमा सवार रहेको कुरा खुल्न सकेको छैन । तीव्र गतिका कारण मोटरसाइकल अनियन्त्रित भएर ठोकिएको हुनसक्ने प्रहरीको अनुमान छ ।

# प्रधानमन्त्रीको नयाँ कार्यालय



**रासस**
**काठमाडौँ ।**
विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त भएको सिंहदरबारको मूल भवनको पश्चिमतर्फको भाग पुनः निर्माण सम्पन्न भएको छ ।पुनः निर्माण सम्पन्न भएको सो भवनमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को नयाँ कार्यालय स्थापना गरिएको छ । प्रधानमन्त्रीले बुधबार कार्यालयको उद्घाटन गर्दै कार्यारम्भ गरे ।प्रधानमन्त्रीको कार्यालय सिंहदरबारकै पछिल्लो भागबाट अघिल्लो भागमा सरेको उल्लेख गर्दै प्रधानमन्त्रीले दाहालले भने, 'यो खाली ठाउँ मात्र सारिएको होइन । कामको प्रकृति र गुण पनि नयाँ ढङ्गले जाने सङ्कल्प पनि यसभित्र रहेको मैले महसुस गरेको छु ।' एक सय २० वर्ष पुरानो यो भवनलाई त्यसको मूल संरचना जस्ताको तस्तै राखेर पुनःनिर्माण भएको छ । भूकम्पबाट क्षति भएको यस भवनको 'रेट्रोफिटिङ'को काम पनि पूरा भएको छ । 'हामी पछाडिबाट अगाडि आएका हौँ । मलाई अहिले भइरहेको ठाउँमा बस्दा अलि गुम्म लाग्नाका साथै त्यति ताजकी महसुस नभएजस्तो लाग्थ्यो', प्रधानमन्त्रीले भने, 'यो ठाउँमा आउँदा चाहिँ अलिकति सबैतिर हेर्न पाइने भएको छ । बरन्डामा पनि निस्केर हेर्न मिल्ने र फराकिलो सबै कारणले यहाँ दिमाग अलि बढी फुर्छ होला भन्ने मैले महसुस गरेको छु ।' प्रधानमन्त्रीले यो प्रक्रियामा सहयोग गर्ने सहरी विकास मन्त्रालय र पुनःनिर्माणमा सहयोग गर्ने टोलीलाई प्रधानमन्त्रीले धन्यवाद दिए । 'नयाँ शुभारम्भ भएको छ । नयाँ शुभारम्भले नयाँ गति पकडिने छ र हामी सबैको एकता अझ बलियो हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु', प्रधानमन्त्रीले भने । विसं २०७२ वैशाख १२ मा गएको विनाशकारी भूकम्पले भवनमा क्षति पुगेको थियो । त्यसलाई पुनःनिर्माण गरी गरिएको हो । सहरी विकासमन्त्री सीता गुरुङले नयाँ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रबलीकरण गर्ने काम पूरा भएको बताइन् । उनले ४२ करोड रुपैयाँ हाराहारीमा प्रबलीकरण गर्ने काम सम्पन्न भएको जानकारी दिइन् ।

समृद्धिका पक्षमा गृहको सार्थक पहलः प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सामाजिक न्याय, सुशासन र समृद्धिका पक्षमा गृह मन्त्रालयले सार्थक पहल लिएको बताएका छन् । गृह प्रशासनको नीतिगत सुधारबारे सुझाव पेस गर्न गठित अध्ययन समिति र उपसमितिका संयोजक तथा सदस्यहरुसँग बुधबार भएको भेटघाटमा उनले समितिबाट प्रशासन तथा सुरक्षा सुधारको आवश्यकता र प्राथमिकता किटेर सुझाव आउने अपेक्षा गरे । सुझावले सिङ्गो सरकारलाई नै प्राथमिकता निर्माणमा सहयोग पु¥याउने अपेक्षा रहेको प्रधानमन्त्री प्रचण्डले बताए । उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायकाजी श्रेष्ठ सहितको भेटघाटमा गृह प्रशासनलाई सबल तथा सक्षम बनाउन, जनताको सुरक्षाको निश्चितता गर्न र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुधारका क्षेत्र तथा कार्ययोजनाबारे छलफल भएको थियो । उपप्रधानमन्त्री श्रेष्ठले सरकार गठन हुनेबित्तिकैको संसद्को बैठकमा प्रधानमन्त्री प्रचण्डले सरकारका प्राथमिकताको चर्चा गरेको र सोही उद्देश्य पूरा गर्न सुधारको पहल गरिएको जानकारी दिए । अध्ययन समितिका संयोजक पूर्वमुख्यसचिव लीलामणि पौडेलले एउटा समस्या सुधारेर अर्को समस्यामा हात हाल्नेभन्दा पनि हरेक समस्याको सुधारमा उत्तिकै केन्द्रित हुनुपर्छ भने । उनले यसका लागि गृह मन्त्रालय र सबै मन्त्रालयले ध्यान दिनुपर्छ भने ।

समिति र उपसमितिहरुमा प्रशासन सुधारका पक्षमा योगदान दिएका व्यक्तित्वहरू संयोजक र सदस्य छन् । उनीहरूले तलब, भत्ता नलिएरै स्वयम्सेवकका रुपमा काम गर्ने बताएका छन् । 'अध्ययन वा सुझाव समितिप्रति मानिसमा गहिरो अविश्वास छ । तर हामी स्वयम्सेवीका रुपमा खट्नेछौँ र आफ्ना अनुभव र नयाँ प्राथमिकताबारे निष्कर्ष दिनेछौँ', संयोजक पौडेलले भने, 'हामीलाई जुन विश्वास गर्नुभएको छ, प्रतिवेदन कार्यान्वयन हुने अपेक्षासमेत गर्दछौँ ।' गृहको समग्र प्रशासन, सेवा तथा सुरक्षा सुधार अध्ययनका लागि मूल समिति र नेपाल प्रहरी, सशस्त्र प्रहरी, अध्यागमन व्यवस्थापन, कारागार व्यवस्थापन तथा स्थानीय प्रशासन र सेवा प्रवाहसहित पाँच विषयगत उपसमितिहरू बनेका छन् ।

# राष्ट्रपति र प्रधानमन्त्रीबीच भेटवार्ता



**रासस**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलसँग प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भेटवार्ता गरेका छन् । राष्ट्रपति कार्यालय शीतल निवासमा बुधबार बिहान भएको भेटमा राष्ट्रपति पौडेलले भूकम्पप्रभावित क्षेत्रमा राहत व्यवस्थापन कार्यलाई तीव्रता दिन सरकारको ध्यानाकर्षण गराएको उनका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । दुवैजनाबीच समसामयिक विषयमा समेत छलफल भएको थियो ।

# नागरिकको असन्तुष्टि समाधान गर्नुपर्छः थापा



**रासस**
**चितवन ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पछिल्लो समय जनतामा देखिएको असन्तुष्टि समाधान गर्नेतर्फ सरकार र दलहरु लाग्नुपर्ने बताएका छन् । बुधबार पत्रकारहरुसँग कुराकानी गर्दै उनले जनताको असन्तुष्टि कम भए व्यवस्थाविरुद्ध बोल्नेहरुको आवाज कमजोर हुँदै जाने छ भने । उनले भने, 'जनताप्रति अहिले असन्तुष्टि बढ्दै गएको छ । यसका कारण आक्रोशित नागरिकको असन्तुष्टि प्रयोग गरेर आफ्नो बदनियत राखेको छ । नागरिक असन्तुष्टि कम भए पनि बदनियत राख्नेको स्वर र सङ्ख्या आफैं घट्दै जान्छ ।' गणतन्त्रमा आम नागरिकले यो व्यवस्था ठीक छैन भनेर आफ्नो विचार राख्न पाउने बताउँदै उनले प्रचलित कानुनको सीमाभित्र रहेर आफ्नो अधिकारको प्रयोग गर्न पाउने बताए । उनले भने, 'कसैलाई व्यवस्था मन पर्दैन भने मलाई यो बेवास्ता मन पर्दैन भन्न पाउनुपर्छ । तर प्रचलित कानुनको सीमाभित्र बसेर सबैले आफ्नो अधिकारको प्रयोग गर्ने हो ।' अहिले देशमा देखिएको आर्थिक समस्या हल गर्न लाग्यो भने व्यवस्थाका विरुद्ध उठेका कुराहरु आफैं निस्तेज भएर जाने उनको भनाइ थियो ।देशमा देखिएको आर्थिक समस्याका विषयमा प्रधानमन्त्रीले सबै दलसँग परामर्श सुरु गर्नुभएको उनले जानकारी दिए । सत्तारूढ दल र विपक्षीमा रहेका सबै दलहरुसँग मङ्गलबारबाट छलफल प्रारम्भ भएको जनाउँदै छलफल निष्कर्षमा पु¥याउनुपर्ने उनको भनाइ छ । ऋण लिएर सदुपयोग गर्दासमेत समस्यामा परेका व्यवसायीहरुका लागि सरकारले अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने उनले बताए । उनले भने, 'जसले ऋण लिएर सदुपयोग गर्दैन त्यतातिर सरकार जान आवश्यक छैन । जुन कामका लागि लिएको ऋण हो सोही स्थानमा खर्च गर्ने व्यवसायीको हकमा सरकारले अभिभावकीय भूमिका खेल्नुपर्छ ।' सरकारले गर्न खोजेका सबै प्रक्रियामा कांग्रेसको साथ र सहयोग रहने महामन्त्री थापाको भनाइ थियो ।

# शान्ति प्रक्रिया टुङ्ग्याउन आवश्यकः शर्मा




**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले शान्ति प्रक्रिया टुङ्ग्याउन सबैको सहयोग आवश्यक रहेको बताएकी छन् । राष्ट्रिय विभूति शङ्खधर साख्वाः दिवसका अवसरमा पद्ममरतन लुमन्ति गुठीले शङ्खधर उद्यान केन्द्रमा बुधबार आयोजना गरेको कार्यक्रममा उनले पद्मरत्न तुलाधर जीवित भएको भए शान्ति प्रक्रिया टुङ्गिसक्ने दाबी गरिन् । उनले परिवर्तनका लागि लड्ने नेताका रूपमा शङ्खधर साख्वाःलाई आफूले चिनेको र देशमा सङ्घीयता आउनु पनि शङ्खधरले देखेको सपना रहेको बताइन् । मन्त्री शर्माले सम्पूर्ण सरकारी दस्तावेजमा नेपाल संवत्लाई उल्लेख गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको पनि जानकारी दिइन् । उनले भनिन्, 'बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक पहिचानका लगि गणतन्त्र आवश्यक छ ।' काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले नेपाल भाषाको संरक्षण र संवद्र्धन गर्न महानगरपालिका भित्रका सबै विद्यालयमा नेपाल भाषा विषय पढाउन थालिएको जानकारी गराइन् । प्राथमिक तहमा पढाइ हुने स्थानीय भाषाले सबै जनालाई भाषा सिक्ने अवसर प्रदान गरेको उनको भनाइ थियो । महानगरका पूर्वप्रमुख विद्यासुन्दर शाक्यले श¬ङ्खधर साख्वाः सम्पूर्ण नेपालीको भएको बताए । नेपाल संवत्का प्रवर्तक शङ्खधर काठमाडौँका व्यापारी साथै समाजसेवी पनि थिए । तत्कालीन अवस्थाको कान्तिपुर इलाकामा बस्ने उनले गरिब नेपालीलाई ऋणमुक्त गराएको इतिहासविद्को दाबी छ ।राघवदेवको पालामा साख्वाःले नेपालीहरूको ऋणमोचन गरिदिएको खुसीयालीमा विसं ९३६ मा नेपाल संवत् प्रचलनमा ल्याएको इतिहासकारको भनाइ छ ।

# ३३ किलो सुन तस्करीः क्रिप्टोकरेन्सीमार्फत भुक्तानी



**रासस**
**दोलखा ।**
दोलखाको लामाबगर फलाक नाका हुँदै ३३ किलो सुन भित्रिएको प्रहरी अनुसन्धानबाट पुष्टि भएको छ । लामाबगर फलाक नाका हुँदै सुन भित्रिएको र रकम डलर तथा क्रिप्टोकरेन्सी मार्फत भुक्तानी भएको खुलेको छ । सुन तस्करीमा संलग्न अन्य १२ जना अझै फरार छन् । उनीहरूको खोजी भइरहेको छ ।जिल्ला प्रहरी कार्यालय दोलखा र केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले मङ्गलबार संयुक्त रूपमा पत्रकार सम्मेलन गर्दै सुन तस्करी गर्ने गिरोहलाई पक्राउ गरेपछि अनुसन्धानका क्रममा सो तथ्य खुलेको प्रहरी नायब उपरीक्षक दीपक खड्काले जानकारी दिए । सुन तस्करीमा संलग्न व्यक्तिको बयान र प्रहरी अनुसन्धानबाट लामाबगरको फलाक नाका हुँदै छ पटकमा ३३ किलो सुन भित्रिएको खुल्न आएको उनले बताए । तस्करको समूहले सुन खरिदबापतको रकम क्रिप्टोकरेन्सी र डलर तथा यार्सागुम्बा र कस्तुरीको बिनासमेत पठाएर भुक्तानी गर्ने गरेको पुष्टि भएको प्रहरी नायब उपरीक्षक खड्का बताउँछन् । दोलखा प्रहरी र प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)का अधिकारीसहितको संयुक्त टोलीले करिब दुई महिना लगाएर गरेको अनुसन्धानका क्रममा सुन तस्करको समूहले चिनियाँ तस्करलाई नेपालबाट क्रिप्टोकरेन्सी अर्थात् डिजिटल वालेट प्रयोग गरी दुई अर्ब ९१ करोड ४८ लाख ३२ हजार पाँच सय ९३ युनिट युएसडिटी भुक्तानी गरेको देखिएको छ । युनिट युएसडिटीको नेपाली कारोबार मूल्य करिब तीन खर्ब ८७ अर्बभन्दा रुपैयाँ बढी हुन आउँछ । नेपालमा क्रिप्टोकरेन्सी युएसडिटीको कारोबार प्रतियुनिट मूल्य एक सय ३३ देखि एक सय ३८ रुपैयाँसम्म अवैधरूपमा कारोबार हुँदै आएको छ ।सुन तस्करी प्रकरणको अनुसन्धानमा सिआइबीबाट खटिएका प्रहरी निरीक्षक रामकृष्ण पाठकका अनुसार रकम विभिन्न १२ डिजिटल वालेटको प्रयोग गरी क्रिप्टोमार्फत भुक्तानी गरिएको हो । यसरी भुक्तानी गरिएको रकम सुन तस्करीसँगै अन्य तस्करीसँग पनि जोडिएको हुनसक्ने प्रहरीले आशङ्का गरेको छ । प्रहरी अनुसन्धानका क्रममा सुन तस्करको गिरोहले चीनको तिब्बतसँग सिमाना जोडिएको दोलखाको लामाबगरको फलाक नाकाबाट डोरीमा सुन बाँधेर खोला पार गरी तस्करी गरेका थिए । तिब्बतबाट अवैधरूपमा सुन नेपाल भित्र्याई काठमाडौँ लगेर बिक्री गरेपछि पुनः त्यहाँबाट डलरलाई शिलबन्दी गरी प्याक गरेर लामाबगरको फलाकबाट डोरीमा बाँधेर खोला तारी चिनियाँ नागरिकलाई भुक्तानी गर्ने गरेको अनुसन्धानबाट खुलेको प्रहरी निरीक्षक पाठकले बताए । समूहले एक वर्षको अवधिमा सात लाख ६० हजार अमेरिकी डलर अर्थात् १० करोड ११ लाख १८ हजार रुपैयाँ डोरीमा बाँधेर खोला तारी चिनियाँलाई भुक्तानी गरेको देखिएको छ । विसं २०७९ मङ्सिरदेखि कात्तिक ८ गतेसम्म एउटै समूहले छपटक गरी ३३ किलो सुन भित्र्याएको अनुसन्धानबाट खुलेको छ । दोलखाका प्रहरी प्रमुख खड्का भन्छन्, 'बाह्र जना अझै फरार छन् । उनीहरू पक्राउ परेपछि तस्करीमा संलग्न व्यक्ति थपिन सक्छन् । उनीहरूलाई पूरक अभियोग लगाइने छ ।' प्रहरीले लामाबगरको फलाक नाकाबाट भित्रिएको ३३ किलो सुनमध्ये ११ किलो सुन दोलखाबाट र अनुसन्धानका क्रममा पाँच सय ३२ ग्राम सुनका गहना बरामद गरेको थियो । सुनको मूल्य १० करोड ६८ लाख ६८ हजार सात सय ६१ रुपैयाँ बराबर रहेको छ । प्रहरीले सुन तस्करीमा संलग्न व्यक्तिबाट १८ लाख ३३ हजार पाँच सय नगद बरामद गरेको थियो भने उनीहरूको नाममा विभिन्न बैंकमा रहेको ३१ लाख ७४ हजार छ सय ६५ रुपैयाँ रोक्का राखेको छ ।दोलखा प्रहरीले सुन तस्करीमा संलग्न मुख्य नाइके चिनियाँ नागरिक ग्याङ रु र आकर लामासहित १५ जनालाई पक्राउ गरी अनुसन्धान गरेको थियो । तीमध्ये एकजना बालकलाई हाजिर जमानीमा रिहा गरेको थियो । बाँकी १४ जनालाई हिरासतमा राखी करिब दुई महिना अनुसन्धान गरिएको थियो । दोलखा प्रहरी र सिआइबीको टोलीले सुन तस्करी प्रकरणको अनुसन्धान पूरा गरी प्रतिवेदनसहित पक्राउ परेकालाई जिल्ला सरकारी वकिल कार्यालय दोलखामा बुझाएको छ । उनीहरूउपर भन्सार ऐन, २०६४, सङ्गठित अपराध निवारण ऐन, २०७०, नेपाल राष्ट्र बैंक ऐन, २०५८, बालबालिकासम्बन्धी ऐन, २०७५ र मुलुकी अपराधसंहिता २०७४ को दफा ४३ को एकीकृत कसुरमा मुद्दा चलाइने प्रहरीले जनाएको छ ।सुन तस्करीमा संलग्न भई फरार रहेका अन्य १२ जनाको खोजी भइरहेको र उनीहरू पक्राउ परेपछि पूरक अभियोग लिएर जाने प्रहरीका अनुसन्धान अधिकारीले बताएका छन् । सुन तस्करीको अनुसन्धानमा संलग्न सिआइबीका प्रहरी निरीक्षक पाठकका अनुसार क्रिप्टोमार्फत १२ डिजिटल वालेट प्रयोग गरी भएको भुक्तानी सम्भवतः अहिलेसम्मकै ठूलो रकम हो । यो विषय पक्राउ परेकाहरूको डिजिटल इक्विपमेन्टको फरेन्सी ल्याब परीक्षणबाट खुलेको हो । क्रिप्टोकरेन्सीको ब्रोकरका रूपमा काम गरेकी महिमा माझीको डिजिटल फरेन्सी ल्याबको रिर्पोट आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।



# सरकार संसद्प्रति जवाफदेही हुनुपर्छः शाही



- गुणस्तरीय र क्षमतावान् सांसदको आवश्यकता
- जनताको आवाज कदर गर्न सक्ने सांसद हुनुपर्छ
- विधेयकको अध्ययन, छलफल, बहसमा भाग लिनुपर्नेमा जोड
- स्वार्थ हाबी हुँदा विधेयक पनि अल्झिरहेको आरोप

प्रतिनिधिसभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न समितिको गठन, कामकारबाही र सदन वा समितिको कार्यविधि नियमित गर्न प्रतिनिधिसभा नियमावली, २०७९ बनाएको छ । जसमा आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयको जवाफ सम्बन्धित मन्त्रीले सात दिनभित्र सदनमा दिनुपर्ने र प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्षरूपमा सम्बन्धित महत्त्वपूर्ण विषयमा प्रश्न सोध्नका लागि सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्ने व्यवस्था छ । सोही प्रावधानमा रही प्रश्नकर्ता सदस्यले प्रधानमन्त्री सँग प्रश्न गर्न सक्नेछन् । प्रश्नको जवाफ प्रधानमन्त्रीले तत्काल दिनुपर्ने नियमावलीमा उल्लेख रहेको छ । 'सांसदसँग रासस' संवादमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद ज्ञानबहादुर शाहीले सरकार संसद्प्रति जवाफदेही हुनुपर्ने जिकिर गरे । 'सांसदले आकस्मिक, शून्य र विशेष समयमा उठाएका विषयको जवाफ सम्बन्धित मन्त्रीले नियमावलीमा व्यवस्था भएबमोजिम नदिँदा न त स्पष्टीकरण सोधिन्छ न त कुनै कारबाही । सरकार संसद्प्रति जवाफदेही हुनैपर्छ', उनले भने । प्रतिनिधिसभा नियमावली, २०७९ बनाउने टोलीको सदस्यका रूपमा आफू रहँदा विशेष र शून्य समयमा सरकारले जवाफ नदिएमा सुरुमा सभामुखले ल्याएर स्पष्टीकरण सोध्ने र चित्तबुझ्दो जवाफ नआएमा मन्त्री पदबाट बर्खास्त गर्ने व्यवस्थामा जोड गरेको तर पारित गर्न नसक्दा अहिले सरकारलाई जवाफदेही बनाउने प्रावधान नै नरहेको सांसद शाहीको भनाइ छ । जुम्लाबाट प्रत्यक्ष निर्वाचित सांसद शाहीले संसद्लाई प्रभावकारी बनाउन गुणस्तरीय र क्षमतावान् सांसदको आवश्यकता रहेकामा जोड दिए । 'सांसदको भूमिकालाई बहन गर्न सक्ने, जनताको आवाज कदर गर्न सक्ने सांसद हुनुपर्छ', उनले भने । हरेक क्षेत्रमा उत्कृष्ट क्षमता भएका व्यक्तिलाई ध्यान नदिई 'पार्टीलाई सहयोग गरेको' भन्दै सांसद छान्ने काम उचित नभएको सांसद शाहीको भनाइ छ । संसद्को औचित्य जोगाउन कानुन निर्माण प्रक्रियामा सांसदले विधेयकको अध्ययन, छलफल, बहसमा भाग लिनुपर्नेमा जोड गर्दै सांसद शाहीले आफूले विधेयकमाथि अध्ययन गरी कारणसहित समर्थन र विरोध जनाएको तथा सदनमा उपस्थित नभएका दिनबाहेक आफूले शतप्रतिशत भूमिका निर्वाह गरेको दाबी गरे । विभिन्न स्वार्थ हाबी हुँदा तत्काल पारित हुनुपर्ने विधेयक पनि अल्झिरहेको उनको आरोप छ । 'राम्रा विधेयकमा पनि दलको नेतालाई चित्त नबुझेमा तथा निजी स्वार्थ र व्यक्तिगत स्वार्थ परिपूर्ति गर्नका लागि विधेयक पारित हुन नसकेको अवस्था छ । अधिकांश सांसदलाई विधेयक चित्त बुझेको हुँदैन । कयौँ सांसदलाई आफैँ निर्णय गर्न पाउने अधिकार छैन । यस्तो अवस्थामा संसद्ले मुलुकमा असल कानुन निर्माण गर्न सक्दैन', सांसद शाहीले भने । निर्वाचन आयोगले कुनै पनि सांसदलाई पार्टीले राजीनामा गराउन पाउने अधिकार बनाउँदा सांसद स्वतन्त्र नहुने नियमप्रति आपत्ति जनाए । संसद्को टाइम कार्ड लागू गर्ने अभ्यास उपयुक्त नरहेको उनको भनाइ छ । 'संसद खुला बहस गर्ने थलो हो । टाइम कार्ड लागू गरेर दुई–तीन मिनेट समय दिएको हुन्छ, यो ठीक होइन', उनले भने । सांसद शाहीले आफ्नो निर्वाचन क्षेत्रको आवश्यकता कानुन निर्माण भन्दा विकास निर्माण रहेकाले चुनावका समयमा जनतालाई दिएका आश्वासनप्रति आफू प्रतिबद्ध र प्रयासरत रहेको बताए । आफ्नो निर्वाचन क्षेत्रमा जलविद्युत्, सडक, स्थानीय उत्पादनको बजारीकरणलगायत एजेण्डा कार्यान्वयनमा प्रयासरत रहेको उनको भनाइ छ ।

# 'नेपालमा पश्चिमी संस्कृति हावी'



**रासस**

**गण्डकी ।**

नेपाल संस्कृत विश्वविद्यालय राष्ट्रिय संस्कृति अध्ययन केन्द्रद्वारा आयोजित दुई दिने गण्डकी प्रदेशस्तरीय सांस्कृतिक संगोष्ठीमा पश्चिमी सस्कृति र सभ्यताको प्रभावले नेपाली प्राचीन मौलिक संस्कृति सङ्कटमा पर्दै गएकामा चिन्ता व्यक्त गरिएको छ । चारकोटको चिनारी र ऐतिहासिकता', प्रा डा जगन्नाथ रेग्मीले 'पर्वत, मोदी र बेनीको महत्व', डा शान्ता खत्रीले 'कुमाल जातिको परम्परागत संस्कृति र पेसामा भएको परिवर्तन', लक्ष्मण श्रेष्ठले 'पोखरेली गाईजात्रा परम्परा र लोक प्रचलन' शीर्षकमा गोष्ठीपत्र प्रस्तुत गरेका थिए । अतिथि प्रस्तोताका रूपमा डा गोविन्द आचार्यले 'देउखहर्या थारू प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले नेपाली संस्कृतिको अभिन्न अङ्ग साहित्य भएकाले हाम्रो प्राचीन साहित्य कसरी पुर्नलेखन भएको छ त्यसमा ध्यान जान आवश्यक भएको उल्लेख गरे । नेपाल संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष एवम् नेपाल संस्कृत विश्वविद्यालय राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका अध्यक्ष प्रा डा भीमप्रसाद खतिवडाले विश्व बन्धुत्व हराएको बेला हाम्रा संस्कार संस्कृति पुस्तान्तरण नभएकोमा चिन्ता व्यक्त गर्दै समाजमा सांस्कृतिक सन्तुलन र पुस्तान्तरणका लागि व्यवहारिक शिक्षा आवश्यक भएको बताए । कार्यक्रममा नेपाल संस्कृत विश्वविद्यालय राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका कार्यकारी निर्देशक डा जर्मन चौधरी, गण्डकी प्रज्ञा–प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्ची, पोखरा प्रज्ञा–प्रतिष्ठानका कुलपति



जनकविकेशरी धर्मराज–सावित्री थापा प्रतिष्ठानको संयोजन, पोखरा प्रज्ञा प्रतिष्ठानको सहकार्य तथा गण्डकी प्रदेशका विभिन्न संस्थासँगको समन्वयमा गरिएको संगोष्ठीमा वक्ताले पश्चिमी संस्कारको प्रभावले आफ्नै विद्यार्थी र छोराछोरी राष्ट्रियताप्रति विमुख हुँदा प्राचीन संस्कृति सङ्कटमा परिरहेको उनीहरुको भनाइ थियो । यही मङसिर ४ र ५ गते सम्पन्न सम्पन्न संगोष्ठीमा नेपाली वाङ्मयसम्वद्ध विभिन्न सातवटा गोष्ठीपत्र प्रस्तुत गरिएको थियो । कार्यक्रममा प्रा डा माधवप्रसाद पोखरेलले 'गण्डकी प्रदेशमा बोलिने भाषाको अवस्था', प्रा डा कुसुमाकर न्यौपानेले 'गण्डकी प्रदेशको सङ्गीत', प्रा डा ज्ञानबहादुर कार्कीले 'स्याङ्जाका समुदायको वालवाली गुरही टिउहार' विषयक गोष्ठीपत्र प्रस्तुत गरेका थिए । कार्यक्रमका वक्ताले यस्ता कार्यक्रमले नेपालमा प्रचलित संस्कार, संस्कृति, भाषा, कला, इतिहास तथा पुरातत्वको संरक्षण एवम् प्रवद्धन गरी राष्ट्रिय एकतालाई सुदृढ तुल्याउने धारणा राखे ।

पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले विविधतायुक्त समाजका विविधतालाई कायम गर्दै मौलिक संस्कृतिको जगेर्ना आजको आवश्यकता भएको धारणा राखे । व्यवहारिक शिक्षा आजको आवश्यकता भए पनि हाम्रो संस्कार र संस्कृति बच्यो भने मात्र हाम्रो स्वाभिमान बच्ने उनले बताए । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा पद्मराज ढकाल, स्वतन्त्र पत्रकार सङ्घ कास्कीका अध्यक्ष असफल गौतम लगायतले कला संस्कृतिको जगेर्ना राज्यको दायित्व भएको बताए ।

कार्यक्रमका संयोजक जनकविकेशरी धर्मराज–सावित्री थापा प्रतिष्ठानका अध्यक्ष मदनराज थापाले गोष्ठीपत्रलाई प्राप्त भएका सुझावलाई समेटेर तिनको सम्पादनसहित प्रकाशन गरिने जानकारी दिए । संगोष्ठीको उद्घाटन सत्रमा नेपाल पुन मगर समाज अर्चलबोटका कलाकारको जातीय पहिचान झल्काउने पुख्र्यौली नृत्य प्रदर्शन गरिएको थियो भने समापन सत्रमा गुरुङ चलचित्रका महानायक ताराबहादुर गुरुङले मेरो टोपी शीर्षकको गीतमा नृत्य प्रस्तुत गरेका थिए ।

# आवधिक निर्वाचनका लागि 'बार' नै तोकेर प्रस्ताव

**काठमाडौँ ।**

प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यको निर्वाचन यस्तो सभाको अन्तिम निर्वाचन परिणाम घोषणा भएको चार वर्ष ११ महिनापछिको पहिलो आइतबारलाई प्रस्ताव गरिएको छ । निर्वाचन आयोगद्वारा गृह मन्त्रालयमा पठाइएको 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक'मा राष्ट्रपति र उपराट्रपतिको निर्वाचन भने पदावधि समाप्त हुनुभन्दा तीन दिनअघि गर्न प्रस्ताव छ । राष्ट्रियसभा सदस्यको निर्वाचन कार्यकाल समाप्त हुने एक महिनाअघिको पहिलो आइतबार तथा स्थानीय तहका पदाधिकारीको निर्वाचन परिणाम घोषणा भएको चार वर्ष ११ महिनापछिको पहिलो आइतबार गर्न विधेयकमा प्रताव गरिएको छ । गाउँपालिका वा नगरपालिका सदस्यको निर्वाचन स्थानीय तहको निर्वाचन परिणाम घोषणा भएको १५ दिनभित्र सम्पन्न हुने गरी सम्बन्धित निर्वाचन अधिकृतले तोकेको दिन गर्ने व्यवस्थाका लागि सुझाव दिइएको छ । नेपालमा २०४७ सालदेखि नै स्थानीय तहदेखि माथिल्लो तहसम्मका निर्वाचन अन्योलता कायम रहेको मात्र समयमा हुन नसकेर विथोलिँदै आएको सन्दर्भमा नयाँ प्रावधानले निर्वाचन ठिक समयमा गर्न सहयोग पुग्ने छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन लोकतन्त्रको आधारस्तम्भ भएकाले चार दृष्टिकोणबाट निर्वाचनको मिति पहिले नै थाहा हुनुपर्छ भन्ने मान्यताअनुरुप विधेयकमा दिन तोकेर प्रस्ताव गरिएको बताए । उनले भने, 'निर्वाचनको मिति थाहा नभई बजेट, नीति, विधि, योजना र तयारी केही गर्न सकिन्न । मतदाता नामावलीलाई अन्तिमरुप दिन र स्रोत साधनको सहज व्यवस्थापन र मितव्ययी निर्वाचनका लागि कानुनमै मिति तोक्न प्रस्ताव गरिएको हो ।' राजनीतिक स्थायित्व र स्थिरताका लागि समयमा चुनाव नभएमा चुनौती हुने उल्लेख गर्दै प्रमुख निर्वाचन आयुक्त थपलियाले जुनसुकै सरकारले पनि आफ्नो अनुकूल वातावरण नहुँदासम्म मिति तोक्न अलमल गर्ने विगतका घटना र अनुभव आधारमा नयाँ व्यवस्था गर्न प्रस्ताव गरिएको जानकारी दिए । राजनीतिक दललगायत सबै सरोकारवाला पक्षबाट निर्वाचनको मिति तोक्ने अधिकार आयोगलाई दिनुपर्छ भनी आवाज उठेपछि आयोगले संसद्बाटै कानुन निर्माण गरी यसलाई टुङ्ग्याउनुपर्छ भन्ने दृष्टिकोणबाट नयाँ प्रावधान अघि बढाउन सुझाव दिएको थियो । निर्वाचनका सबै अध्ययन, अनुसन्धान र अनुगमनलगायतका अधिकांश प्रतिवेदनमा समेत निर्वाचनको मिति आयोगले तोक्ने वा कानुनमै व्यवस्था गर्ने भनी सुझाव दिइएको थियो । निर्वाचनको मिति घोषणाका सन्दर्भमा सरकार र



राजनीतिक दलबीच मतैक्यता नभई निर्वाचनको माहौलसम्बन्धी विषय उठाउँदै हुने गरेको आरोप–प्रत्यारोप अन्त्य गर्न यससम्बन्धी प्रावधानले सहयोग पुग्ने छ । निर्वाचन हुने दिन, मतदानको समय र निर्वाचन प्रचार–प्रसारको अवधिसम्बन्धी व्यवस्था प्रस्ताव गरिएको विधेयकमा मतदान हुने दिनभन्दा चौबीस घण्टाअघिदेखि मतदानको काम पूरा नभएसम्मको अवधिलाई मौन अवधि मानिने उल्लेख छ । विधेयकमा हालको जिल्ला न्यायाधीश मुख्य निर्वाचन तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचनबाहेक त्यस्तो पदको कार्यकाल पूरा नएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने व्यवस्था पनि विधेयकमा छ । प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुईपटक निर्वाचत भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने व्यवस्था प्रस्ताव गरिएको छ । आयोगलाई नामावली सङ्कलन तथा आवधिक विद्युतीय माध्यमबाट गर्ने तथा नागरिकले स्थानीय बसोबास गरेको वडामा मतदान नामावलीमा नाम सबै निर्वाचन कार्यालयबाट दर्ता गराउन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ । कसैले मतदाता नामावलीमा एकाघरका नाम समावेश भएको वडाको मतदाता नामावलीमा आफ्नो नाम दर्ता र स्थानान्तरण गर्न सक्ने तथा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भए हटाउने प्रस्ताव गरिएको छ । मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको विवरण सङ्कलन गर्ने विषय आयोगले अब औपचारिकरूपमै अघि बढाउन सङ्कल्प गरेको छ । निर्वाचन प्रणालीका सम्बन्मा अध्ययन, अनुसन्धान तथा छलफल गर्ने सन्दर्भमा आयोगले नीति अनुसनधान प्रतिष्ठानलाई जिम्मेवारी दिएको छ । निर्वाचन तथा मतदाता शिक्षालाई थप प्रभावकारी बनाउन र मतदाताको पहुँच वृद्धि गर्न स्थानीय तहमार्फत निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नेसम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी आयोगले राय सुझावका लागि वेबसाइटमा राखेको छ । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य



अधिकृतको प्रावधान खारेज गरी न्याय सेवाका प्रथम र द्वितीय श्रेणीका अधिकृत रहने गरी प्रस्ताव गरिएको छ । समानुपातिक निर्वाचनका लागि आयोगको सचिव र स्थानीय तहका सदस्यको निर्वाचनमा न्याय सेवा वा सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा द्वितीय श्रेणीको अधिकृत निर्वाचन अधिकृत नियुक्ति गर्ने व्यवस्थाका लागि सुझाव दिइएको छ । भ्रष्टाचारसम्बन्धी कसुरमा मुद्दा दायर भएको वा सुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधीन रहेको व्यक्तिसमेत निर्वाचनमा उम्मेदवार बन्न नपाउनेजस्ता थुप्रै प्रावधान विधेयकमा समेटिएको छ । सङ्घीय संसद्, प्रदेशसभा वा स्थानीय राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसद्का सदस्य, प्रदेशसभा सदस्य, स्थानीय तहका सदस्यको निर्वाचन सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको कार्य जिम्मेवारी छ । निर्वाचन व्यवस्थापनलाई अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन संविधान, अदालतको आदेश, अन्तर्राष्ट्रिय अभ्यास र अनुभवका आधारमा ऐन, कानुन संशोधन, परिमार्जन र एकीकृत गर्न लागिएको छ । विभिन्न चरणमा निर्वाचन कानुनका विज्ञ तथा सरोकारवालाको सुझावसमेतका आधारमा मस्यौदामा आवश्यक परिमार्जन गरी निर्वाचनसँग सम्बन्धित विद्यमान सातवटा निर्वाचन ऐन र निर्वाचन आयोग ऐनका प्रावधान समेटी एकीकृत विधेयक तयार गरिएको हो । प्रस्तुत विधेयकमा मतदाता र स्थानीय तह सदस्यको निर्वाचनमा निर्वाचित भई विभिन्न कारणबाट रिक्त हुन आएका पदको निर्वाचनका लागि आयोगले सरकारसँग परामर्श गरी आवश्यक तयारीमा जुटेको छ । यसैबीच आयोगले राष्ट्रियसभा सदस्यको रिक्त हुन लागेको एकतिहाई अर्थात् १९ पदको निर्वाचन माघको दोस्रो हप्ताभित्र सम्पन्न गर्ने गरी आवश्यक तयारी भइरहेको छ । यस्तै प्रतिनिधिसभा सदस्य एक, प्रदेशसभा सदस्य एक, जिल्ला समन्वय समिति प्रमुख दुई, पालिका अध्यक्ष एक, उपाध्यक्ष दुई र वडाध्यक्ष रिक्त १७ पदको निर्वाचन पनि आगामी वैशाखभित्र सम्पन्न गर्ने आयोगको योजना रहेको बताइएको छ । आयोगमा हाल दर्ता कायम रहेका राजनीतिक दलको सङ्ख्या एक सय १९ रहेको छ ।



जति धेरै सामाजिक सञ्जाल छन्, त्यति नै हामी जोडिन्छौँ तर वास्तवमै हामी विस्तारै विच्छेदको बाटोमा छौँ।

–जेआर

## सम्पादकीय

# मधेशमा शिक्षाको अवस्था दयनीय

राज्यले मधेश क्षेत्र र मधेशी समुदायलाई उचित स्थान दिएन भन्दै पटक पटक मधेश आन्दोलन भयो । राज्य र मधेश केन्द्रीत राजनीतिक दलबीच विभिन्न सम्झौता भए । आन्दोलनले मधेशीको राष्ट्रिय पहिचान, केही व्यक्तिलाई राजनीतिक अवसर, निजामति सेवामा प्रवेशलगायतका महत्वपूर्ण उपलब्धी प्राप्त गर्‍यो । तर, मधेशको शैक्षिक अवस्था र स्वस्थ्यको क्षेत्रमा उल्लेख्य सुधार नभएको अभास आम जनताले गरिररहेका छन् ।

गाँस, बास र कपास मात्र व्यक्तिको आधारभूत आवश्यकता होइनन् शिक्षा, स्वास्थ्य र मनोरञ्जन पनि उतिकै मह्त्वपूर्ण छ । मधेश प्रदेशमा शिक्षाको अवस्था दयनीय अवस्थामा पुगेको छ । विद्यालयसम्म दलित तथा विपन्न समुदायको बालबालिकाको पहुँच पुग्न सकेको छैन । विद्यालय गइरहेको बालबालिकाहरु पनि प्राथमिक तहसम्म मात्र शिक्षा लिएर ‘ड्रप आउट’ भइरहेका छन् । मंगलबार पर्साको दोस्रो सदरमुकाम भनेर परिचित पोखरीयामा आम सभा तथा पार्टी प्रवेश कार्यक्रममा बोल्दै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले दुःख गरेर भएपनि छोरा–छोरीलाई विद्यालय पठाउनुहोस् भने । मधेशको समृद्धिका लागि शिक्षामा जोड दिदैं ओलीले छोरा–छोरीमा भेदभाव नगरी विद्यालय पठाउन आग्रह गरे । बालबालिकाहरु हाम्रा भविष्य हुन् भन्दै उनीहरुको शिक्षा–दीक्षाका लागि कुनै कसर बाँकी नराखी विद्यालय पठाउन आह्वान गरे । यद्धपी ओलीको कार्यक्रमका लागि जनसहभागिता जुटाउन नेकपा एमाले नगर समिति पोखरीयाको निर्देशनमा विद्यालयमा पठन पाठन बन्द गरिएको थियो ।

पार्टीको कार्यक्रमका लागि नेता कार्यकर्ताहरुले विद्यार्थीको पठन पाठनलाई तिलाञ्जली दिए । नेताले बालबालिकालाई विद्यालयसम्म ल्याउनु, विद्यार्थीलाई विद्यालयमै राखिराख्न पौष्टिक खाजाको व्यवस्था गर्नुस् भन्छन् तर तिनका कार्यकर्ताहरु शीर्ष नेतालाई खुसी पार्न विद्यालय बन्द गरेर गाउँगाउँबाट जनता उर्तान लाग्छन् । र, स्थानीय तहका प्रमुखहरु पनि पार्टी र कार्यकर्ताहरुलाई खुसी पार्न विद्यार्थीलाई विदा दिन्छन् । यस्तो प्रवृति र चेतनाले मधेशको शिक्षाको अवस्था कहाँ पुग्ला ? एमाले अध्यक्ष ओलीले विद्यालयसम्म विद्यार्थीलाई पुर्‍याउने अभियान अन्तर्गत बालबालिकाको अभिभावकत्व ग्रहण गरेकोसमेत स्मरण गरे । पार्टीका शीर्ष नेताहरुले दुर्गम क्षेत्र र आर्थिक रुपले पिछ्डिएका बालबालिकालाई अभिभावकत्व ग्रहण गर्दै खुबै चर्चा बटुले तर आफ्नो र पार्टीका लागि मात्र अभिभावकत्व ग्रहण गरेका उनीहरले त्यसपछि न त बालबालिकालाई दोहो¥याएर भेटे न त उनीहरुको शैक्षिक अवस्थाबारे थप बुझे । ओलीले आफू नेतृत्वको सरकारले विद्यार्थीलाई सर्टिफिकेट धितो राखेर बैंकबाट ऋण दिने व्यवस्था पनि मिलाएको भन्दै आमसर्वसाधारणलाई गफ दिए तर उनको त्यो योजनालाई बैंकहरुले कार्यान्वयन गर्न कुनै चासो दिएनन् । स्थानीय तहको र विद्यालय व्यवस्थापन समितिको लफडाका कारण कतिपय ठाउँमा शिक्षकहरुले तलब खान पाएका छैनन् । सरकारी विद्यालयमा जागिर खाने तर निजी विद्यालयमा बढी खटिने शिक्षकका कारण पनि समग्र देश–मधेशको शैक्षिक अवस्था चिन्ताजनक अवस्थामा पुगेको छ । मधेशको शैक्षिक अवस्था सुधार गर्न संघीय र प्रदेश सरकार, स्थानीय तह, शिक्षक, अभिभावक र विद्यार्थी लगायत सवै सरोकारवाला निकायले सोच्नुपर्ने आवश्यकता छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## नेपाल रेल्वे समय तालिका

भंगाहा–जनकपुरधाम–जयनगर

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

जयनगर–जनकपुरधाम–भंगाहा

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

# सामाजिक सञ्जालमा नेपाली समाजबारे बहस



नरेन्द्र केसी

केही समयअघि सुनसरीको धरानमा गोरु काटेर सामूहिक भोज गरेको भिडियो टिकटकमा पोष्ट भएपछि सामाजिक सद्भाव खल्बलिने घटना भई निषेधाज्ञा लगाउनुपर्ने अवस्था आयो । केही हिन्दू धर्म गुरुले गाई काट्ने व्यक्तिहरुको हत्या गरेमा आफूले जिम्मा लिने विवादास्पद अभिव्यक्ति दिएको भिडियो भाइरल नै भयो । त्यस्ता व्यक्तिलाई प्रहरीले पक्राउ गरेर कागज गराई छाडेको थियो ।

टिकटकमा भिडियो बनाउने क्रममा दुर्घटनामा परी धेरैले ज्यान गुमाएका समाचारहरु पनि आएका छन् । २०७९ साल माघ महिनामा पोखरा महानगरपालिका–१४, मनकामना टोल बस्ने आठ वर्षीया बालिकाको घरको छतमा बसेर टिकटक बनाउने क्रममा अचानक लड्न गई मृत्यु भयो । त्यस्तै २०७९ साल पुस महिनामा टिकटकमा भिडियो बनाउने क्रममा बबई नदीको झोलङ्गेपुलबाट खसेर गम्भीर घाइते भएका दाङ तुलसीपुर उपमहानगरपालिका–१९, बिजौरी निवासी एक २४ वर्षीय पुरुषको उपचारका क्रममा मृत्यु भयो । वैशाखमा धरानबाट ओखलढुङ्गा जाँदै गरेका धरान–५ का १८ वर्षीय एक युवकको उदयपुर कटारी नगरपालिका–११, हर्देनी भीरमा टिकटक बनाउने क्रममा लडेर मृत्यु भयो । गत जेठमा उदयपुरमा सलको पासो लगाई टिकटक भिडियो बनाउने क्रममा एक ११ वर्षीया बालिकाको झुण्डिएर मृत्यु भएको भयो । केही दिनअघि मात्रै तनहुँमा टिकटक भिडियो बनाउने क्रममा चिप्लिएर एक १९ वर्षीया युवती सेती नदीमा खसेकी थिइन् ।

नेपालगञ्जमा मुस्लिम समुदायको भावनामा ठेस पुग्ने सामग्रीसहितका भिडियो पोष्ट भएपछि सामाजिक सद्भाव खल्बलिन गई निषेधाज्ञासम्मको घटना हुन पुगेको थियो । गत वर्ष भाइरल हुने नाममा एक परीक्षार्थीले परीक्षा हलमा आफैँले चिट चोरिरहेको भिडियो टिकटकबाट सार्वजनिक गरेका थिए । नेपालमा सामाजिक सञ्जाल टिकटकको गलत प्रयोगका कारण भएका केही प्रतिनिधिमूलक घटना हुन् यी । यी घटनाबाट के बुझ्न सकिन्छ भने क्षणिक रमाइलोका नाममा टिकटकको प्रयोग यति विकृत बन्दै गइरहेको थियो कि हरेक घरपरिवार, समाज र देशकै लागि यो ठूलो चुनौतीका रुपमा सिर्जना भइरहेको थियो ।

सम्भवतः यही अवस्थालाई दृष्टिगत गरी गत कात्तिक २७ गते बसेको नेपाल सरकार, मन्त्रिपरिषद्को बैठकले ‘सामाजिक सञ्जालका रुपमा प्रयोग भइरहेको टिकटकका माध्यमबाट सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा नकारात्मक असर परिरहेको निष्कर्षसहित नेपालमा टिकटकको प्रयोगमा तत्काल रोक लगाउने’ निर्णय गर्‍यो । यो निर्णयपछि जनस्तरदेखि अदालतसम्म नेपालमा सामाजिक सञ्जाल प्रयोगको सवालमा बहस चलिरहेको छ । जनस्तरमा ठूलो पङ्क्तिले यो निर्णयको समर्थन गरेको छ भने केही र खासगरी ‘डिजिटल राइट्स’को क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरुले यसबाट प्रविधि प्रयोगमा सङ्कुचन आउने भन्दै चिन्ता पनि व्यक्त गरिरहेका छन् । टिककटमाथिको प्रतिबन्ध एउटा घटना हो, यो घटनापछि सिर्जना भएको बहसलाई तार्किक निष्कर्षमा पुर्‍याउन सक्ने हो भने निश्चय नै नेपाललाई फाइदै हुनेछ । तर यो बहसको केन्द्रमा भने हामीले नेपाली समाज कस्तो बनाउने ? भन्ने विषयलाई नै अघि बढाउनुपर्छ । सामाजिक सञ्जालको प्रयोगबाट नकारात्मक परिणाम मात्रै आएका छैनन्, पहुँचविहीन समुदायको सशक्तीकरणदेखि धेरै क्षेत्रमा यसको राम्रो प्रभाव छ । राम्रो प्रभावलाई अझै बढाउँदै यसबाट सिर्जना हुन थालेका डरलाग्दा असरलाई न्यूनीकरण गर्नका लागि कुनै न कुनै विन्दुमा आएर सार्थक बहस छेडिन जरुरी थियो । टिकटकको प्रतिबन्धपछि यो बहसले प्राथमिकता पाएको छ, जसलाई तार्किक निष्कर्षमा पुर्‍याउन जरुरी छ ।

सरकारले टिकटकमाथि प्रतिबन्ध लगाउँदा प्रस्टरुपमा ‘सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा नकारात्मक असर परिरहेको’ तथ्यलाई उल्लेख गरेको छ भने नेपालमा टिकटकको प्रयोगमा ‘तत्काल रोक लगाउने’ भनेको छ । यसबाट सामाजिक सद्भावविरुद्धका कुनै पनि गतिविधिसँग सम्झौता गर्न सकिंदैन भन्ने सरकारको प्रस्ट मान्यता रहेको देखिन्छ । त्यसका लागि के गर्ने त ? त्यसका लागि अहिले चलिरहेका सामाजिक सञ्जालको नियमन गर्ने नै हो । नियमन भनेको नियमभित्र ल्याउने हो र कुनै प्लेटफर्मलाई त्यसरी नियमभित्र ल्याएर सञ्चालन गर्न सकिएन भने आंशिक वा पूर्णरुपमा बन्द लगाउन पनि सकिन्छ, यो संसारभरि अहिले चलिरहेका अभ्यास हो ।

सरकारले अन्य सामाजिक सञ्जाल प्लेटफर्मले कम्युनिटी गाइडलाइनविरुद्धका सामग्री हटाउने गरे पनि टिकटकले रियलटाइमका सामग्री हटाउन नसकेको बरु लाइभ भिडियोहरु रेकर्ड गरी अन्य सामाजिक सञ्जालमा समेत शेयर गर्ने बढेकाले टिकटकको नियमन सम्भव नभई प्रयोगमा नै रोक लगाउनु परेको प्रष्टीकरण दिएको छ । त्यसो त टिकटकले अन्य सामाजिक सञ्जाल प्लेटमर्फमले आपसी समझदारीमा जारी गरेको सान्टाक्लारा सिद्धान्त अनुमोदन नगरेको पनि सरकारको भनाइ छ ।

सान्टाक्लारा सिद्धान्तअनुसार सामाजिक सञ्जाल प्लेटफर्म स्वयंले प्रयोगकर्ताको मानवअधिकार र कानुनसम्मत प्रक्रिया सुनिश्चित गर्ने, प्रयोगकर्ताले बुझ्न सक्ने नीति नियमहरु बनाउने, सबै राजनैतिक सामाजिक वा सांस्कृतिक परिस्थितिमा समानरुपले लागू हुन सक्ने, राज्यका नीतिनियम वा कानुनका कारण विषयवस्तु परिमार्जन हुन सक्ने र सत्यतथ्य जाँचेर गलत वा भ्रामक विषयवस्तु हटाउनेमा ध्यान दिनुपर्छ ।

हरेक देशका आ–आफ्नै अनुकूलताका कानुन हुन्छन् । हरेक देशले आफ्नो समाजको चरित्रअनुसार कानुन बनाएका हुन्छन् । नेपालको कानुन निर्माणको आधार पनि नेपाली समाजको स्वरुप र चरित्र नै हो । नेपाल समाज पूर्वीय दर्शनमा आधारित छ । यसले व्यक्तिको स्वतन्त्रतालाई स्वीकार त गर्छ तर पारिवारिक एकता र सामाजिक सद्भावभन्दा बाहिर गएर व्यक्तिको स्वतन्त्रता (अझ स्वच्छन्दता)लाई स्वीकार गर्दैन । पश्चिमा मुलुकहरुमा ‘मभित्र हामी’ खोजिन्छ भने पूर्वीय सभ्यतामा ‘हामीभित्र म’ खोजिन्छ । भन्नुको अर्थ पश्चिमाहरुले हर व्यक्तिको व्यक्तिगत स्वतन्त्रताबाट समाज स्वतन्त्र बन्दै जान्छ भन्ने दर्शनलाई महत्व दिन्छन् भने हामी पूर्वीय सभ्यतामा परिवार, समुदाय र समाजको सामूहिक अभ्यासबाट हरेक व्यक्तिको स्वतन्त्रता र समानताको अभ्यास गर्न सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छौं ।

यो कोणबाट हेर्ने हो भने पछिल्लो समयमा नेपाली समाजभित्र असामाजिक क्रियाकलाप जसरी बढ्न खोजिरहेका छन्, यसको अभ्यास गर्ने माध्यम सामाजिक सञ्जाल बनिरहेका छन् । यसरी नै अघि बढ्ने हो भने परिवार परिवारजस्ता नहुने हुन् कि भन्ने चिन्ता बढ्दैछ । हाम्रा संविधान, ऐन, कानुनहरु धेरै पछि मात्रै बनेका हुन् । संवैधानिक इतिहास हेर्ने हो भने विसं २००४ बाट मात्रै सुरु भएको देखिन्छ भने कानुनी अभ्यास विसं १९१० देखि भएको देखिन्छ । त्योभन्दा अगाडि समाज कसरी चलेको थियो त ? जवाफ प्रस्ट छ– सामाजिक मूल्यमान्यताका आधारमा समाज चलेको थियो ।

अहिले पनि लेखिएका केही थान संविधान र कानुनलाई छाड्ने हो भने समाजको अधिकांश प्रक्रिया सामाजिक मूल्यमान्यताकै आधारमा चलेको छ । जन्मदेखि मरिसकेपछि गरिने रीतिरिवाज र चालचलन हाम्रा अलिखित कानुन हुन् । त्यसैले हाम्रो संविधान र कानुनमा लेखिएको छैन वा पश्चिमा जगतमा अभ्यास छैन भनेर मात्रै पनि हाम्रा खासखास सामाजिक मूल्य मान्यतामाथिको अतिक्रमणलाई सहनुपर्छ भन्ने हुँदैन । यहाँ टिकटक वा अन्य अमूक प्लेटफर्मको मात्रै सवाल होइन, हामीले नेपालमा सामाजिक सञ्जाल प्रयोगको अवस्था हेर्‍यौं भने किरियापुत्रीहरु नाचेको दृश्य देख्न सकिन्छ । कसैको घर जलिरहेको हुन्छ वा कोही सवारी दुर्घटनामा परेर चित्कार गरिरहेको हुन्छ तर हामीले ती घटनामा उद्धार गर्न छाडेर भिडियो बनाइरहेका हुन्छौँ र क्षणभरमै भाइरल बनाइदिन्छौँ ।

आफू फरक देखिने नाममा अङ्ग प्रदर्शनदेखि जस्ता पनि क्रियाकलाप गर्ने जुन अवस्था सामाजिक सञ्जालमा देखिन थालेको छ, यो पक्कै पनि नेपाली समाजका लागि घातक र खतरनाक सङ्केत हो । यसको बेलैमा नियन्त्रण गर्नेतिर राज्यले मात्र होइन, हरेक व्यक्ति र समाजले सोच्नैपर्छ । सामाजिक सञ्जालका कारण बालबालिका तथा युवायुवतीलाई गलत दिशातिर डोर्‍याउँदै विषाक्त मनोविज्ञानको सिर्जना भइरहेको छ । सामाजिक सञ्जालको अत्यधिक प्रयोग गर्ने लतमा बालबालिका र युवायुवती परिवार, खेलकुद, सिकाइपढाइ जस्ता जीवनका महत्वपूर्ण पक्षमा बेवास्ता गर्ने क्रम बढिरहेको छ ।

अरू बेला कुरै छाडौँ, चाडपर्वमा मात्रै हेर्ने हो भने पनि जसरी ठूलो उत्साहका लागि पारिवारिक मिलनको उद्देश्यले एक ठाउँमा जम्मा भइन्छ तर सबै सामाजिक सञ्जालमा व्यस्त हुँदा पारिवारिक सम्मिलन कुन चराको नामजस्तो हुन थालेको छ । अरुभन्दा राम्रो र फरक देखिन खर्चिलो संस्कारको विकास भएको छ । एउटा अध्ययनले के देखाएको छ भने टिकटक प्रयोगकर्तामध्ये करिब ४५ प्रतिशत १२ देखि २४ वर्ष उमेर समूहका मानिस गलत प्रभावमा सजिलै पर्न सक्ने तथा भ्रामक छविमा रमाउने र महत्वाकांक्षी हुनेलगायत भाइरल हुने आकाङ्क्षाले गलत दिशातिर मोडिने अवस्था बनिरहेको छ । आपराधिक मानसिकताका व्यक्तिले टिकटक प्रयोगकर्ताको मनोविज्ञानको गलत फाइदा उठाई आपराधिक गतिविधिमा संलग्ने गराउने गरेको देखिन्छ ।

सामाजिक सञ्जाल प्रयोगको लत बसेर महत्वपूर्ण समय यसको प्रयोगमा बिताउँदा उत्पादकत्व वृद्धिमा समेत असर पुग्ने गरेको पाइएको छ भने आत्महत्या, गाली बेइज्जत, दुर्घटना, पारिवारिक बिखण्डनजस्ता समाजलाई नकारात्मक असर पुग्ने घटना बढिरहेका छन् । टिकटकमा अश्लील भिडियो सार्वजनिक तथा लाइभमा अनैतिक क्रियाकलापका लागि मोलमोलाइ, अश्लील गतिविधि, जुवातास खेलाउने, गैरकानुनी विज्ञापन प्रसारण लगायतका गतिविधि बढिरहेको अवस्था छ भने टिकटक लाइभ स्ट्रिमिङ गरी उपहार प्राप्त गर्न अनैतिक, अमर्यादित र असामाजिक गतिविधि बढ्दै गएको छ । यौन दुव्र्यवहारलगायत साइबर बुलिङका घटना पनि बढ्दै गएका छन् । यसले परिवार सदस्यका बीचमा भौतिक भेटघाट र सरसल्लाह नहुने, पारिवारिक तथा भावानात्मक एकतामा कमी हुँदै गएको हरेक घरपरिवारका सदस्यले महसुस गर्ने अवस्था बनेको छ ।

समग्रमा हाम्रो संस्कार, संस्कृति, प्रथा, प्रचलन, मूल्य, मान्यता तथा सामाजिक सद्भावविरुद्ध नकारात्मक प्रभावलाई बढावा हाम्रो पूर्वीय सभ्यतामाथि नै चुनौती थप्दै लैजाने कुरा सही हुन सक्दैन । फेरि प्रश्न उठ्न सक्छ– यो सबै काम टिकटकले मात्रै गरेको हो त ? सकारात्मकभन्दा नकारात्मक असर बढी देखिएको निष्कर्षमा पुगेर सरकारले टिकटकमाथि प्रतिबन्ध लगाएको स्पष्ट गरिसकेको छ, यसको अर्थ अन्य सामाजिक सञ्जालको प्रयोग सुरक्षित छ भन्ने होइन । त्यसो त टिकटकको प्रतिबन्धले एउटा सन्देश पक्कै गएको छ कि कुनै पनि सामाजिक सञ्जालको प्रयोगले पारिवारिक एकता र सामाजिक सद्भाव बिगारेको खण्डमा त्यो नेपालमा स्वीकार्य हुने छैन ।

त्यसैले अहिलेसम्मको अभ्यासबाट पाठ सिक्दै नेपालमा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित बनाउन सरकारले कानुन निर्माणको प्रक्रियालाई पनि तीव्ररुपमा अघि बढाएको छ । यस क्रममा सामाजिक प्रयोगको व्यवस्थित गर्ने निर्देशिका २०८० जारी भई कार्यान्वयनको तयारीमा रहेको छ भने यससम्बन्धी ऐन मस्यौदाको प्रक्रिया अन्तिम चरणमा छ । निर्देशिकाले नियमनभन्दा स्वनियमन र सचतेनामा जोड दिएको छ । हरेक प्रयोगकर्ता र प्लेटफर्महरुले स्वनियमन गरेको खण्डमा राज्यले नियमन गर्नु पनि पर्दैन र कानुनको आवश्यकता नै पर्दैन । त्यसो त प्रविधिको विकास र आम मानिसको चाहना बदलिंदै जाँदा त्यसलाई व्यवस्थित गर्ने कानुन त चाहिन्छ नै, त्योभन्दा पनि बढी सामाजिक मर्यादालाई केन्द्रमा राखेर गरिने सामाजिक व्यवहार नै हाम्रा समाज व्यवस्थापनका महत्वपूर्ण आधार हुन् । सरकारबाट गरिएका निर्णय, बनेका वा बन्ने कानुनहरुको उद्देश्य नेपाली मौलिकतासहितको पारिवारिक एकता र सामाजिक सद्भावसहितको समाज हो, त्यसका लागि हामी सबै प्रतिबद्ध बनौं । अहिले चलिरहेको सामाजिक सञ्जाल नियमनको बहसमा पनि सुन्दर, सभ्य र नेपालीपनसहितको समाजलाई केन्द्रमा राखौँ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभभ्फा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्फ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## राशिफल

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
धार्मिक कार्य तथा सभासमारोहमा सहभागी भईएला,मनमा शान्ति प्राप्त हुनाले शुभ कार्य गरिएला।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मित्रहरुसँग रमाइलो भेटघाटले आजको दिन सुखसाथ बित्ला, नाँचगान तथा बैवाहिक कार्यहरुमा सहभागी भईएला ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
विभिन्न प्रकारका आभुषण प्राप्त हुनसक्छ , पुजापाठ वा धार्मिक कार्यमा सहभागी भईएला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
ठेक्कापट्टा तथा चिठ्ठाबाट लाभ होला, आजको दिन तपाईंको बोलिको प्रभावबाट बिग्रेका कामहरु बढ्लान् ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
पुजा आराधना तथा देवालयमा समय बित्नेछ, मान,सम्मान ,प्रतिष्ठा तथा कार्यकुशलतामा वृद्धि होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आकस्मिक लाभका कारण मन प्रसन्न रहला। परिवारमा नयाँ सदस्यको आगमनले गर्दा घर परिवारमा रमाइलो हुनेछ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
मध्यान्ह पछि भने कुनैपनी स्थानको व्यर्थपुर्ण यात्रा होला, होशियारि अपनाउनु होला।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आजको दिन दाजुभाइ तथा बन्धुबान्धवहरुबाट सुख प्राप्त हुनेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आफ्नो पराक्रमको कारणले उन्नति तथा प्रगति होला, कुनै उच्च पदस्थ व्यक्तिसँगको भेटले मनमा उत्साह आउनेछ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईंको कार्य कुशलता तथा नेतृत्व क्षमता बढ्नेछ, कुनै पनि निर्माण सम्बन्धि कार्यहरु शुभ होला ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
दिउँसोबाट भने स्वासप्रस्वास सम्बन्धि समस्या आउनसक्छ।कुनै लेखन तथा साहित्यिक कार्यमा मन जाला ।

**मीन - PISCES** दि,दु,थ,भ्क,ञ,दे,दो,च,चि
धेरै समयपछि पुत्र तथा सन्तानको आगमनले परिवारमा खुसियाली छाउला।

# हराउँदै परम्परागत डेंहरी



**रासस**
**कञ्चनपुर ।**
कृष्णपुर नगरपालिका– १ सुन्दरीफाँटाकी ५५ वर्षीय बुधनीदेवी चौधरी खेतबारीको कामबाट फुर्सदिलो भएपछि माटोका भकारी (डेंहरी) बनाउँदै आएकी छन् । माटोका भकारी बनाउने कार्य पुस्तौँदेखि गरिँदै आएको हो । खेतबाट भित्र्याएको अन्नबाली राख्नका लागि परम्परागत रुपमा डेंहरी बनाउँदै आएको उनले बताइन् ।
‘चिम्टाइलो माटो, गहुँ, धानको भुषाको प्रयोग गरी बनाइएका भकारी वर्षौँसम्म प्रयोगमा ल्याउन सकिन्छ’ उनले भनिन्, ‘भकारी बनाउने कार्य पछिल्लो पुस्ताले आत्मसात् नगर्दा हराउँदै जान थालेको छ ।’ थारु समुदायका माटो र काठले बनेका परम्परागत मौलिक घरका ठाउँमा पक्की घर ठड्याइन थालेपछि माटोका भकारी बनाउने कार्यमा कमी आएको उनले बताइन् ।
‘घरका बुढापाकाबाट भकारी बनाउन सिकेका हौँ’ उनले भने, ‘नयाँ पिँढी भकारी बनाउने सीप सिक्न तयार छैनन्, यस कार्यले थारु समुदायको रहनसहनसँगै संस्कृतिसँग जोडिएको भकारी बनाउने कार्य ओझेलमा पर्न थालेको छ ।’ भकारी बनाउनलाई प्रयोग हुने चिम्टाइलो माटो तालतलैया र वन क्षेत्रबाट ल्याउँदै आएकोमा वन संरक्षणका कारण माटो ल्याउन नदिने गरेकाले बनाउने काममा अवरोध हुँदै आएको थारु अगुवा मीनादेवी डगौरा बताउँछिन् । ‘परम्परागत घरमा डेंहरीले नै कोठा छुट्याउने गरी राखिने गरेको थियो’, उनले भनिन्, ‘परम्परागत घरको सट्टा आधुनिक पक्की घर बनाइन थालेपछि राख्ने ठाउँको अभावमा थारु समुदायको रहनसहनको अभिन्न अङ्गका रुपमा रहेका भकारी बनाउन छाड्दै गएका छन् ।’ ‘टिन, बाँस, निगालो र प्लास्टिकका भकारी सहजै बजारमा किन्न पाउन थालेपछि समेत भकारी बनाउने काममा यसको प्रभाव परेको छ’, परदेशी चौधरीले भनिन्, ‘सहजरुपमा बजारमा भकारी खरिद गर्न पाइन थालेपछि माटोको जोहो किन गर्ने भन्ने भावनाले थारु संस्कृतिसँग जोडिएको भकारीलााई बिर्सदै जान थालेका छन् ।’ भकारी थारु समुदायको संस्कृतिसँग मात्रै नभएर धार्मिक भावनासमेत जोडिएको उनको भनाइ रहेको छ । ‘यसको आफ्नै धार्मिक महत्व छ यो कुरा नयाँ पिँढीलाई बुझाउन आवश्यक छ’, उनले भनिन् । भकारी खासगरी महिलाले बनाउने गर्दछन् । परम्परागत यस्ता भकारीमा गहुँ, धान, मकै, तोरी, केराउलगायतका अन्न राख्ने गरिन्छ । ‘यसमा राखिने अन्न वर्षौँसम्म राख्दासमेत रोग कीरा लाग्ने र बिग्रने डर हुँदैन’, धनबहादुर कुश्मिले भने, ‘ढिकीमा कुटेको चामल धेरै वर्षसम्म यसमा राख्दासमेत बिग्रँदैन ।’ उनका अनुसार हाल ग्रामीण क्षेत्रका अधिकांश घरमा बुढापाका महिलाले बनाएर राखेका माटाका भकारी केही घरमा लस्करै राखेको अझै पनि हेर्न सकिन्छ । धेरै थारु समुदायका घरमा त्यस्ता भकारी राख्ने क्रम हराउँदैसमेत गएको छ । भकारी(डेंहरी) धेरै प्रकारको हुने गरेको छ । जसमा डेंहरी, पटाहा डेंहरी, जवरा, चारकुने, गोल र कुठली रहेका छन् ।
पटाहा डेंहरी देवता रहने कोठाको पश्चिममा राखिने गरिएको छ । यसले भान्छा र डिहुरार (देउथान) छुट्याउने गर्दछ । अन्य डेंहरीको तुलनामा यो ठूलो हुने गर्दछ । यस डेंहरीलाई कहिल्यै पनि खाली राख्नु नपर्ने र राखेमा अशुभ हुने विश्वास थारु समुदायमा रहेको छ । पटाहा डेंहरी फुटेमा, भत्किएमा यसमा राखिएको अन्न चेलीबेटीलाई दिने चलन रहेको थारु अगुवा हबल्दार चौधरीले बताए । उनका अनुसार पटाहा डेंहरीमा पाँच वटा हातको छाप र एउटा फलामको किला गाडेको हुन्छ । त्यो किलामा झोरर्या (झोलि) राखी त्यसमा गुरुवाले मन्त्रसहित दिएको अक्षता र धूप राखिएको हुन्छ । डेंहरी विशेष गरी लाम्चो चार कुने विभिन्न आकार र उचाइको बनाइने गरिन्छ । कुठली अरु डेंहरीको तुलनामा सानो हुन्छ । यसलाई पटाहा डेंहरीकै नजिक राखिन्छ । अन्यलाई आवश्यकता अनुसार घरका विभिन्न ठाउँमा राख्ने गरिन्छ । यसमा विशेष गरी दैनिक आवश्यक पर्ने नून, दाल, चामलसँगै अन्नको बीउलगायत राख्ने गरिन्छ ।

# पुरानै लयतिर पर्यटन

**रामबहादुर थापा**
**गण्डकी ।**
‘यो यामको पर्यटक आगमनले हामी सन्तुष्ट छौँ, पर्यटन क्षेत्र पुनःउत्थान भइरहेको छ’, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले भने, ‘पर्यटन प्रवर्द्धनलाई यसरी नै निरन्तरता दिनसके छिट्टै कोभिडअघिकै स्थितिमा हामी पुग्छौँ ।’
कोभिड–१९ महामारीताका थलिएको पर्यटन व्यवसाय अहिलको आर्थिक मन्दीबीच पनि चलायमान देखिएकामा उनले खुसी व्यक्त गरे । अध्यक्ष श्रेष्ठले भने, ‘पोखरामा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन राम्रो छ, सबै पक्ष डटेर लागे पोखराको पर्यटन विकास र प्रवद्र्धनलाई अझ नयाँ उचाइ दिन सकिन्छ ।’
यस वर्ष पोखरा घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्यामा पनि उल्लेख्य वृद्धि भएको अध्यक्ष श्रेष्ठले बताए । पोखरा र आसपासका गन्तव्यमा अघिल्ला वर्षको तुलनामा पर्यटकीय चहलपहल बढेकामा पर्यटनसम्बद्ध संस्थाका पदाधिकारी र पर्यटन व्यवसायी उत्साहित छन् । होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले दशैँयता पर्यटकको आवागमन ह्वात्तै बढेको बताए ।
‘चाडबाडका बेला लामो बिदा परेकाले पनि ठूलो सङ्ख्यामा आन्तरिक पर्यटक पोखरा भित्रिए, पदयात्रा गर्ने मुख्य याम पनि यही भएकाले विदेशी पर्यटकको आगमन पनि राम्रो छ’, उनले भने, ‘यो अवधिमा होटलमा चाप औसतमा ६० प्रतिशतसम्म रह्यो, कुनै दिन त ७० प्रतिशतसम्म पुग्यो, अहिले पोखराको पर्यटन व्यवसाय समग्रमा सन्तोषजनक अवस्थामा छ ।’ पर्यटन बजारले यही गति लिइरहे कोभिड–१९ अघिको स्थितिमा पुग्न धेरै समय नलाग्ने अध्यक्ष सुवेदीले बताए । उनले पर्यटन क्षेत्रलाई पूर्ववत् अवस्थामा फर्काउन राज्यका निकाय, पर्यटनसम्बद्ध सङ्घसंस्था, पर्यटन व्यवसायीलगायतले सामूहिक पहल लिनुपर्ने उल्लेख गरे ।
‘पर्यटन प्रवद्र्धनमा नयाँ रणनीति बनाएर अघि बढ्नुपर्छ’, उनले भने । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा रबिन कडरियाले कोभिड–१९ को प्रभावले सुस्ताएको पर्यटनले पुरानै लय पछ्याइरहेको बताए ।
‘दोस्रो पर्यटकीय याम सुरु हुँदासम्ममा यो वर्ष पर्यटक आगमन अझ बढ्ने देखिन्छ’, उनले भने, ‘यस क्षेत्रको पर्यटन पुनःउत्थानको दिशामा अगाडि बढेको छ, पर्यटन व्यवसायी पनि उत्साहित देखिन्छन् ।’
पदयात्राका लागि विश्वमै परिचित अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या यस वर्ष बढेको प्रमुख डा कडरियाले बताए । उनका अनुसार कोभिड–१९ महामारीयता आर्थिक वर्ष २०७८÷७९ देखि अन्नपूर्ण क्षेत्रमा पुनः पर्यटक आगमन बढ्न थालेको छ । २०७८/७९ मा ७५ हजार आठ सय २४ पर्यटक त्यस क्षेत्रमा पुगेकामा आव २०७९÷८० मा एक लाख ७२ हजार एक सय आठ पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेको प्रमुख डा कडरियाले जानकारी दिए । ‘एक्याप’को तथ्याङ्कानुसार चालु आवको साउनदेखि कात्तिकसम्ममा ६७ हजार चार सय ३५ पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रमा भित्रिएका छन् । असोजमा सबैभन्दा बढी २८ हजार सात सय पाँच, कात्तिकमा २४ हजार चार सय नौ, भदौमा आठ हजार नौ सय २० र साउनमा पाँच हजार चार सय एक पर्यटकले ‘एक्याप’को भ्रमण गरेका हुन् । कोभिड–१९ महामारी सुरु हुनुअघि आव २०७५÷७६ मा एक लाख ८३ हजार तीन सय ५८ पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका थिए । महामारी सुरु भएयता आव २०७६÷७७ मा एक लाख चार हजार एक सय ६५ र आव २०७७÷७८ मा जम्मा चार हजार नौ सय ६१ पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रमा भित्रिएका थिए । ‘एक्याप’ले पदयात्रामा जाने दक्षिण एसियाली मुलुक र अन्य देशका पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सडक मार्ग भएर अन्नपूर्ण संरक्षण क्षेत्रमा घुम्न जाने आन्तरिक पर्यटकको सङ्ख्या भने यकिन गर्न नसकिने आयोजना प्रमुख डा कडरियाले बताए । ‘एक्याप’भित्र पर्ने अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थल आन्तरिक तथा बाह्य पर्यटकमा रोजाइमा पर्ने गर्छन् । पोखरा आउने विदेशी पर्यटकमध्ये झण्डै ५० प्रतिशत पर्यटक अन्नपूर्ण संरक्षण क्षेत्रको पदयात्रामा जाने गरेको ‘एक्याप’ले जनाएको छ । यस्तै नेपाल भित्रने विदेशी पर्यटकमध्ये झण्डै आधा पर्यटक पोखरा आउने गरेको बताइन्छ ।
पोखरामा पर्यटक आगागमनको औपचारिक तथ्याङ्क कुनै निकायसँग पनि छैन । आन्तरिक पर्यटनको पनि ठूलो हिस्सा पोखराले ओगट्छ । कास्कीको घान्द्रुक, धम्पुस, सिक्लेस, ल्वाङ गाउँलगायत ग्रामीण पर्यटनका चर्चित गन्तव्यमा पनि यो याममा पर्यटकको आवागमन बाक्लिएको छ । दशैँ र तिहारको लामो बिदामा आन्तरिक पर्यटकको घुइँचो लागेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले बताए । अहिलेको मुख्य पर्यटकीय याममा दैनिक एक हजार पाँच सयदेखि एक हजार सात सय सयसम्म पर्यटक घान्दुरक भित्रिएको उनको भनाइ छ । ‘घान्दुरक आउनेमा आन्तरिक पर्यटक नै बढी छन्’, अध्यक्ष गुरुङले भने, ‘घान्दुरक हुँदै अन्नपूर्ण आधार शिविर, घोडेपानीलगायत ठाउँको पदयात्रामा जाने बाह्य पर्यटकको सङ्ख्या पनि उल्लेख्य छ ।’
यस यामको पर्यटक आवामगनले पर्यटन व्यवसायी उत्साहित भएको उनले बताए । अध्यक्ष गुरुङका अनुसार घान्द्रुकमा रिसोर्टसहित ५४ होटल र १८ घरबास (होमस्टे) छन् । रैथाने संस्कृति, खानपान र पारिवारिक वातावरण रुचाउने पर्यटकको रोजाइमा घरबास पर्ने गरेको छ । ‘सेवा र गुणस्तरअनुसार पाहुनाका लागि घरबासको छुट्टाछुट्टै प्याकेज छ’, उनले भने ।



# ‘भिजिट भरतपुर २०२४’




**काठमाडौँ ।**
भरतपुर महानगरपालिकाले ‘भिजिट भरतपुर २०२४’ अभियान सञ्चालन गर्ने भएको छ । महानगर र पर्यटन बोर्डद्वारा बुधबार आयोजित ‘सरोकारवाला निकायसँग अन्तरक्रिया तथा पत्रकार सम्मेलनमा’ भरतपुरलाई पर्यटकीय गन्तव्यका रूपमा प्रवद्र्धन गरी आन्तरिक तथा बाह्य पर्यटक भित्राउने उद्देश्यले अभियान सञ्चालन गर्न लागिएको जनाइएको हो ।
महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारीले भरतपुरलाई पर्यटकीय सहरका रूपमा परिचित गराउन सन् २०२४ लाई भ्रमण वर्षका रूपमा अभियान सञ्चालन गर्न लागिएको जानकारी दिए । मध्य नेपालको उत्कृष्ट गन्तव्यका रूपमा रहेको चितवनको भरतपुर महानगरपालिका ‘भ्रमण वर्ष’ अभियान सञ्चालन गर्ने पहिलो स्थानीय सरकार रहेको भन्दै यो अभियान महानगरको मात्र नभइ समग्र मुलुकको रहेको बताए । संस्कृति, पर्यटन तथा नागरिक उडड्यन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरीले प्राकृतिक सौन्दर्यताको पहिचान गरी पर्यटन प्रवद्र्धन गर्न महानगरले चालेको पहल ऐतिहासिक रहेको बताइन् ।
पर्यटन क्षेत्रको संरक्षण र प्रवद्र्धनमा देखिएका कानुनी बाधालाई समीक्षा गरी समाधानतर्फ मन्त्रालय प्रयासरत रहेको उनको भनाइ थियो ।
‘प्राकृतिक पर्यटकीय गन्तव्यका रूपमा रहेको नेपालका सम्भावित क्षेत्रलाई पहिचान गरी पर्यटनलाई आर्थिक समृद्धिसँग जोड्न खोज्नु आफैँमा सुन्दर पक्ष हो । काठमाडौँ घुम्न आउने पर्यटक चितवन गन्तव्य बनाउन सक्नुपर्छ’, राज्यमन्त्री ठकुरीले भनिन्, ‘एक क्षेत्रमा आएका पर्यटकलाई अन्य क्षेत्रमा आकर्षित गर्न सक्नेगरी काम गर्नुपर्छ । पर्यटन प्रवरद्धन गर्न महानगरले चालेको अभियानले भ्रमण वर्षले ऐतिहासिक र सुन्दर चित्र कोरेको छ ।’ पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत धनञ्जय रेग्मीले महानगरले चितवनमा लुकेका गन्तव्यलाई प्रकाश पार्न थालेको ‘भ्रमण वर्ष २०२४’ अभियान उपयुक्त समय रहेको भन्दै यस अभियानलाई सफल पार्न बोर्ड प्रतिबद्ध रहेको बताए । महानगरका आर्थिक विकास महाशाखा प्रमुख तेजेन्द्रप्रसाद पौडेलले मुलुकको प्रमुख आयस्रोतका रूपमा रहेको पर्यटन क्षेत्रको प्रर्वद्धन र विस्तार गर्न थालिएको अभियान प्रभावकारी हुने बताए । यहाँका सम्भावित स्थानको प्रसारप्रचार गरी पर्यटक भित्राउन सकिनेमा उनले जोड दिए ।
महानगरका पर्यटन विज्ञ सल्लाहकार डा विश्व सुवेदीले आर्थिक समृद्धिको लागि यस अभियान आवश्यक रहेको भन्दै भ्रमण वर्षलाई प्रभावकारी बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गरी ५२ कार्यक्रम गर्ने निर्णय भएको जानकारी दिए । नाटा (नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स) महासचिव कुमार थपलियाले महानगरसँगै चितवनका पर्यटकीय गन्तव्यलाई पनि समेट्नु पर्नेमा जोड दिए । गैरआवासीय नेपाली सङ्घका उपमहासचिव सोम सापकोटाले भरतपुरका साथै समग्र मुलुकको पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समन्वय गरी ईन्टरनेटको माध्यमबाट प्रसारप्रचार गर्नुपर्नेमा जोड दिए । नेपाल उद्योग वाणिज्य महासङ्घ, पर्यटन समितिका उपसभापति अचुत गुरागाइँले पर्यटन बोर्डमा भएको बजेट कार्यान्वयन गर्न कार्यविधि नहुँदा पर्यटन क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रवद्र्धन गर्न नसकिएको बताए । विश्व सम्पदा सूचीमा सूचिकृत चितवन राष्ट्रिय निकुञ्जको प्रवेशद्धार, विविध प्राकृतिक सम्पदाले समृद्ध महानगर भरतपुर हो’, उनले भने, ‘यहाँको सांस्कृतिक अनेकता, भौगोलिक विविधता, प्राकृतिक भू–बनोटलगायत आधारले पर्यटनको प्रमुख गन्तव्यका रूपमा विस्तार गर्न सकिने देखिएको छ ।’ पर्यटन प्रवद्र्धनका लागि सन् २०२४ लाई ‘घुमौँ भरतपुर’ नाराका साथ भरतपुर भ्रमण वर्ष अभियान सञ्चालन गरिएको महानगरले जनाएको छ । महानगरका पर्यटकीय गन्तव्यको प्रवद्र्धन गर्ने, प्राकृतिक, सांस्कृतिक, धार्मिक एवम् ऐतिहासिक सम्पदाको प्रचारप्रसार गरी पर्यटकको सङ्ख्या र बसाइँ अवधि वृद्धि गर्ने उद्देश्यले महानगरले निजी क्षेत्रसँग सहकार्यमा पहिलो पटक अभियान सञ्चालन गर्न लागिएको महानगरका उपप्रमुख अधिकारीले जानकारी दिए । भ्रमण वर्षमा अन्तर्राष्ट्रिय सफारी मार्ट, लगानी सम्मेलन, हेरिटेज म्याराथन, सरकार एवं सम्वद्ध पक्षको बैठक तथा भेला, जङ्गल फेस्टिवल, युवा तथा महिला सम्मेलन, साहित्यिक कार्यक्रम, ¥याली, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार, ट्राभल एजेन्सी तथा टुर अपरेटरको सम्मेलन, विज्ञ समूहसहितको कार्यशाला गोष्ठी, खेलकूद प्रतियोगिता, पर्यटन तथा वातावरणसँग सम्वद्ध दिवस, जातीय सांस्कृतिक कार्यक्रम, प्रदर्शनी तथा फुड फेस्टिवललगायत क्रियाकलाप निरन्तर आयोजना गरिने जानकारी गराइएको छ ।

# धार्मिक पर्यटक भित्र्याउन मेला

**गोरखा ।**
धार्मिक पर्यटक भित्र्याउने उद्देश्यसहित गोरखाको सहिद लखन गाउँपालिका–३, मनकामनामा रहेको त्रिवेणी भगवतीको मन्दिर परिसरमा त्रिवेणी मेला लागेको छ । हरिबोधनी एकादशी(ठूलो एकादशी) पर्वको अवसरमा मन्दिर परिसरमा त्रिवेणी मेला आयोजना हुँदै आएको छ । स्थानीय धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा रहेको त्रिवेणी भगवतीको प्रचारप्रसारका लागि मेलाले सहयोग पुग्ने विश्वास लिइएको उनले बताए । मेलामा विविध सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएको अध्यक्ष गुरुङको भनाइ थियो । मेलामा चर्चित लोकदोहोरी गायक पृथ्वी गुरुङ, श्याम राना, सुजन गुरुङ चर्चित लोक तथा दोहोरी गायिका निर्जला गुरुङलगायत अन्य स्थानीय कलाकारको साङ्गितिक प्रस्तुति रहने जनाइएको छ । सोही अवसरमा भगवती मन्दिरमा विशेष पूजा गरी मेला समापन हुने बताइएको छ । मन्दिरमा हरेक वर्षको ठूलो एकादशीको अवसर पारेर भव्य मेला लाग्ने गर्दछ । प्रसिद्ध मनकामना देवीको सात दिदीबहिनीमध्ये त्रिवेणी भगवती कान्छी बहिनी रहेको जनविश्वास रहदै आएको छ । त्रिवेणी भगवतीलाई जल अर्पण गरेपछि मात्र मनकामना देवीको पूजाको पूर्णता हुने धार्मिक विश्वास रहेको छ ।

# प्रचारप्रसारको अभावमा हम्पाल ओझेलमा



**रासस**
**पर्वत ।**
कालाञ्जर पर्वतको नामले परिचित पर्वत जिल्लाको सबैभन्दा उच्च स्थानमा रहेको प्रसिद्ध पर्यटकीय क्षेत्र हम्पालको लेक सुनसान बनेको छ । पछिल्लो समय सडक पूर्वाधारको पहुँच पुगेपनि उचित प्रचारप्रसारको अभावमा पर्यटक पुग्न नसक्दा सो स्थान ओझेलमा पुगेको हो । समुद्री सतबाट तीन हजार तीन सय मिटरको उचाइमा सो स्थान रहेको छ । स्थानीय बलबहादुर पुनले उच्च, फराकिलो भू–भाग, घना जङ्गल, जुडीबुटी, पानीको पर्याप्त सुविधा, विभिन्न धार्मिकस्थल सहितको ठाउँ भए पनि आवश्यक प्रचारप्रसारको अभावमा ओझेलमा परेको बताए । सरोकारवाला निकायको बेवास्ताका कारण ओझेलमा परेको उनको भनाइ छ । हम्पालमा खासगरी सयौँ थरिका जडीबुटी, काठपात, वन्यजन्तु र सोही स्थानमा रहेको पहाडबाट वरपरका जिल्लाको प्रत्यक्ष अवलोकन गर्न सकिन्छ । दुई दर्जनभन्दा बढी हिमशृङ्खलाको सहज रुपमा अवलोकन गर्न सकिने स्थान हो । पर्यटकलाई घुम्ने र विभिन्न विषयका बारेमा अध्ययन गर्ने गन्तव्यको रुपमा यो क्षेत्रलाई विकास गर्न सकिने सम्भावना रहेको छ । लालीगुराँसको पहाडका नामले पनि परिचित हम्पाल डाँडा, जलजला, फलेकखर्क, सिर्पु चर्चित नाम हुन् । यहाँबाट सूर्योदय र सूर्यास्तको सहज रुपका अवलोकन गर्न सकिन्छ । हम्पाल लेकबाट पर्वत, बागलुङ, म्याग्दी, कास्की, स्याङ्जा, गुल्मी, पाल्पा, गोरखा, तनहुँ, लमजुङलगायतका जिल्लाको अवलोकन गर्न सकिने भएकाले दृश्यावलोकनमा रुचि राख्ने पर्यटक अहिले पनि त्यहाँ पुग्ने गरेको स्थानीय मनबहादुर भण्डारीले बताए ।

# निर्माण व्यवसायीको भूमिका महत्त्वपूर्णः राष्ट्रपति




**रासस**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले अर्थतन्त्रलाई चलायमान बनाउनका लागि निर्माण व्यवसायीहरूको भूमिका महत्त्वपूर्ण हुने बताएका छन् । इफाप्का (एसियाली तथा पश्चिम प्रशान्त क्षेत्रका १९ मुलुकका निर्माण व्यवसायीको छाता संस्था) को ४६औँ सम्मेलनको उद्घाटन समारोहमा बोल्दै राष्ट्रपति पौडेलले हरेक मुलुकको आर्थिक विकासमा भौतिक पूर्वाधारले महत्त्वपूर्ण भूमिका हुने बताए । उनले जलवायु परिवर्तनका कारण बढ्दै गइरहेको प्राकृतिक विपत्तिसँग जुध्नका लागि भौतिक पूर्वाधारको क्षेत्रमा काम गर्नेहरूले विशेष सतर्कता अपनाउन जरुरी रहेको उल्लेख गरे ।
राष्ट्रपति पौडेलले भने, 'पृथ्वी रहेमात्र हामी रहन्छौँ भन्ने मान्यतालाई आत्मसात् गर्दै प्रकृतिमैत्री दिगो पूर्वाधार निर्माणका इफाप्कामा आबद्ध मुलुकहरू बढी मात्रामा जलवायु परिवर्तनसँगै प्राकृतिक विपत्तिको सिकार भइरहेको परिप्रेक्ष्यमा यस सङ्गठनले जलवायु परिवर्तनको एजेन्डालाई प्राथमिकताका साथ उठान गर्नुपर्ने आवश्यकता मैले देखेको छु ।' उनले अहिलेको विश्वलाई हेर्ने हो भने पनि भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेख्य विकास गरेका मुलुकहरूले नै आर्थिक प्रगति गरेको बताउँदै भौतिक पूर्वाधारको विकाससँगै हामीले यससँग सम्बन्धित अन्य पक्षहरूलाई पनि विशेष ध्यान दिनुपर्ने समय आएको बताए ।
'कुनै पनि मुलुकको आर्थिक विकासमा भौतिक पूर्वाधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ', राष्ट्रपछि पौडेलले भने, 'जलवायु परिवर्तनका कारण बढ्दै गइरहेको प्राकृतिक विपत्तिसँग जुध्नका लागि भौतिक पूर्वाधारको क्षेत्रमा लागेकाहरूले विशेष सतर्कता अपनाउनु जरुरी छ ।'
उनले हालै नेपालको भ्रमण गरेका संयुक्त राष्ट्र सङ्घका महासचिवले पनि जलवायु परिवर्तनको 'एजेन्डा'लाई उच्च महत्व दिएको प्रसङ्ग स्मरण गराउँदै कार्बन उत्सर्जनमा कटौती गरी प्रकृति सुहाउँदा पूर्वाधार निर्माणमा जुट्न सबैलाई आग्रह गरे । विश्व प्रविधिमैत्री भइसकेको अवस्थामा भौतिक पूर्वाधारको क्षेत्रले पनि प्रविधिमैत्री अभ्यासलाई अझ बृहत् बनाउनुपर्नेमा राष्ट्रपति पौडेलले जोड दिए ।

# दूधको मूल्य घट्दा किसान निराश



**चितवन ।**
रत्ननगर नगरपालिका–१६ हात्तीगौँडेका युवराज थापा केही वर्षअघिसम्म कुनै संस्थामा जागिर खान्थे । जागिर मात्रैले घरखर्च चल्ने अवस्था नदेखेपछि उनले जागिर छाडेर घरमा घरायसी प्रयोजनका लागि पालिएकामा तीन–चारवटा गाई थपेर गङ्गा–जमुना गाईफार्म दर्ता गरी व्यावसायिकरूपमा गाई पाल्न थाले । केही महिना अघिसम्म ५५ वटा गाई रहेको उनको गोठमा हाल ४५ वटा गाई छन् ।
व्यावसायिकरुपले गाई पाल्न थालेको एक दशक पुग्नै लाग्दा दूध बिक्रीमा खासै समस्या नआएकामा यसवर्ष भने बिक्रीमा समस्या भएको छ । कृषक थापा  भन्छन्, 'गत वर्षको दशैँ र तिहारमा पनि दुध बिक्रीमा समस्या थिएन, यसपालिको दशैँ–तिहारमा भने दुध नबिकेकाले समस्या आयो ।'
व्यावसायिकरूपमा गाईपालन गर्न सुरुमा घाँसको राम्रो प्रबन्ध गर्नुपर्ने उनको अनुभव छ । आफ्ना गाईका लागि दुई बिघा जग्गामा सुपर नेपियर घाँस तथा अन्य स्थानमा जैलगायत मौसमी घाँस लगाउनुभएका कृषक थापा सबै पशुपालक किसानले व्यवसाय गर्दा घाँस लाउन अनिवार्य रहेको बताउँछन् ।
किसानको समस्या राज्यले समाधान गर्ने हो भने कसैले पनि रोजगारीका लागि विदेश जानुपर्दैन । उत्पादनले मूल्य पाएमा यही जति पनि अवसर रहेको कृषक थापा
थापाको भनाइ छ । दुधै बेचेर छोराछोरीलाई पढाउनेदेखि घरखर्च राम्रैसँग चलाए पनि हाल दुध बिक्री नहुँदा अलि अलमलमा परेका उनी भन्छन्, 'मुख्य बजारमा लैजादा दुध खरिदको मात्र घटेको छ । मैले बुझ्दा दुध खानेलाई महँगो र उत्पादन गरी बेच्नेलाई सस्तो भएको छ ।'




# 'पहाडकी रानी' बन्दीपुरमा 'क्विन टावर'



**रासस**
**तनहुँ ।**
बन्दीपुर केबुलकार एन्ड टुरिजमले निर्माण गरेको केबुलकार माघ १ गतेदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ । 'क्विन टावर' नाम दिइएको १७ तल्लाको पाँचतारे होटल र केबुलकार एकैसाथ सञ्चालनमा ल्याउने तयारीका साथ अन्तिम चरणको कार्य भइरहेको छ । पहाडकी रानी उपनाउँले परिचित बन्दीपुरमा सञ्चालनको अन्तिम चरणमा रहेको केबुलकार र पाँचतारे होटलले यहाँको अर्थतन्त्र सबल बनाउन महत्वपूर्ण योगदान पु¥याउने विश्वास गरिएको छ ।
टावरभित्र व्यवस्थापन तथा कोठाहरु मिलाउने र सभा हल निर्माण कार्य भइरहेको बन्दीपुर केबुलकार एन्ड टुरिजमका डाइरेक्टर इन्जिनियर हरिदत्त पौडेलले जानकारी दिए ।
त्यसैगरी केबुलकारतर्फ एकपटक परीक्षण गरिसकिएको र कुनै कुनै टावरमा सामान्य सुधार गर्नुपर्ने भएकाले अन्तिम तयारीको कार्य भइरहेको उनले बताए । उनका अनुसार आउँदो माघ १ गतेदेखि सञ्चालनमा ल्याउने गरी तीव्र गतिमा काम भइरहेको छ ।
केबुलकार सञ्चालनका लागि अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय अनुमतिपत्र लिनका लागि प्रक्रियामा रहेको छ ।

## ५० रुपैयाँदेखि २५ हजारसम्मका टिकट

जिल्लाको बन्दीपुर गाउँपालिका–४ ठूल्दुङ्गामा तल्लो स्टेसन र सोही वडाको बरालथोकसम्मको एक हजार सात सय मिटर दूरीमा केबुलकार निर्माण गरिएको छ । बन्दीपुर केबुलकारमा ५० रुपैयाँ देखि २५ हजारसम्म टिकट शुल्क कायम गरिएको कम्पनीले जनाएको छ । पृथ्वी राजमार्गमा रहेको तल्लो स्टेसनबाट माथि बन्दीपुर बजारमा कलेज पढ्न जाने र आउने विद्यार्थी तथा ६५ वर्षमाथिका नागरिकलाई टिकट दरमा सहुलियत गरिएको छ ।
एसियाकै ठूलो दाबी गरिएको बन्दीपुरको सिद्धगुफा र हरियाली डाँडाको मनोरम दृश्य अवलोकन गर्दै केबुलकारको यात्रामा मज्जा लिन सकिनेछ । केबुलकारको २१ डिब्बा यात्रु बोक्ने, छ वटा रेष्ट्रो क्याबिन र दुई एड्भेन्चर गरी २९ वटा डिब्बा हुनेछन् ।
एक डिब्बामा आठजनासम्म यात्रुको क्षमता हुनेछ । एड्भेन्चर डिब्बा अन्य डिब्बाको तुलनामा फरक किसिमको हुनेछ । त्यो सिसैसिसाको र आधुनिक किसिमबाट निर्माण गरिएको हुने इन्जिनियर पौडेलले बताए ।
केबुलकारभित्रै सुत्न र खान पाइने व्यवस्थासहित रेष्ट्रो क्याबिनसमेत सञ्चालन गर्ने योजना रहेको छ ।
केबुलकार र पाँचतारे होटल गरी कूल तीन अरब ५८ करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न हुन लागेको हो । बन्दीपुर आउने पर्यटकले केबुलकारमा सुतेरै रमणीय प्राकृतिकस्थलको अवलोकन र भरपुर मनोरञ्जन लिन सक्नेछन् । करिब डेढ महिना सुरक्षाको हिसाबले पटकपटक केबुलकारको परीक्षण कार्य सम्पन्न गरिसकेको छ । असोज महिनाबाट सञ्चालनमा ल्याउने तयारी गरे पनि प्राविधिक कारणले ढिलाइ हुन गएको हो । बन्दीपुरमा घुम्न आउने पर्यटकहरुले नयाँपन र भरपुर मनोरञ्जन पाउनेछन् ।
केबुलकारमा यात्रुको आवतजावतको समयपश्चात् साँझपख केबुलकारभित्र रेष्टुरन्ट सञ्चालन गरी खाना र सुत्न मिल्ने सुविधा प्रदान गरिने कम्पनीका अध्यक्ष रामचन्द्र शर्माले बताए ।
तल्लो र माथिल्लो स्टेसनमा रेष्टुरेन्ट हुने भएकाले रेष्ट्रो प्याकेजमा पर्यटकलाई सेवा दिइनेछ । उनले भने, 'कम्पनीले शाकाहारी, मांसाहारी लगायतका खानेकुरासँगै पेयपदार्थसमेत उपलब्ध गराइने छ ।' प्रत्येक साँझ ५ बजेपछि केबुलकारमा सो सुविधा प्रदान गरिने योजना रहेको छ । केबुलकारभित्र रेष्ट्रोको सुविधामा प्रत्येक दिन आकर्षण र हट प्रडक्ट बन्छ, प्रत्येक दिनको खाली समय साँझ ५ देखि ९ बजेसम्म सेवा दिइनेछ ।
त्यसैगरी केबुलकारको प्रवेशद्वारमा २६ करोड रुपैयाँको लागतमा अर्को सुविधासम्पन्न आधुनिक होटल पनि निर्माण भइरहेको छ । बन्दीपुरमा ठूलो सङ्ख्यामा आउने पर्यटकलाई लक्षित गर्दै केबुलकार, रेस्ट्रो कार र तारेस्तरसम्मको होटल निर्माण गरिएको अध्यक्ष शर्माले बताए ।
पृथ्वी राजमार्गमा रहेको तल्लो स्टेसनबाट बन्दीपुरमा निर्माण गरिएको सत्र तल्ले होटलभित्रै केबुलकार पुगेर टुङ्गिनेछ ।

## सत्र तल्लाको पाँचतारे होटल

बन्दीपुरमा १७ तल्लाको 'क्विन टावर' नाउँ दिइएको पाँचतारे होटल निर्माण कार्य अन्तिम चरणमा रहेको छ । 'हिलटप नाम दिइएको होटलमा करिब ९० वटा कोठा रहेको र तीमध्ये ७८ वटा कोठा बस्नका लागि प्रयोगमा ल्याइनेछ । एक हजारभन्दा बढी क्षमताको ठूलो सभा हललगायत निर्माण भइरहेको छ । होटलको सुरु तल्लाबाट १७ तल्लासम्म क्यापसुल लिफ्टबाट सिधै 'क्विन टावर' सम्म जान सकिने व्यवस्था रहेको बन्दीपुर केबुलकार एन्ड टुरिजमका डाइरेक्टर इन्जिनियर पौडेलले जानकारी दिए ।
बन्दीपुर केबुलकार र पाँचतारे होटल सञ्चालनमा आएपछि बन्दीपुरको पर्यटन प्रवद्र्धनमा ठूलो सहयोग पुग्ने अपेक्षा यहाँका व्यवसायीहरुको रहेको छ ।
बन्दीपुर आउने पर्यटकले केबुलकारमा सुतेरै रमणीय प्राकृतिक स्थलको अवलोकन गर्दै भरपुर मनोरञ्जन दिने कम्पनीको मुख्य लक्ष्य रहेको छ ।
केबुलकार र पाँचतारे होटलको प्रचारपसारसँगै आन्तरिक एवं बाह्य पर्यटकको चलहपहलमा वृद्धि हुने बन्दीपुर पर्यटन विकास समितिका पूर्वअध्यक्ष बैंश गुरुङले बताए । आर्थिक मन्दीका कारण निराश बनेका यहाँका होटल व्यवसायीहरु केबुलकार र होटल सञ्चालनमा आउने भएपछि उत्साहित भएका छन् ।
'बन्दीपुरमा अहिले पनि दैनिक पाँच सयको हाराहारीमा पर्यटकको आवागमन भइरहेको छ', उनले भने, 'पर्यटनको सङ्ख्या जृद्धि हुँदा यहाँका व्यापार व्यवसाय पनि फस्टाउन सहज हुनेछ ।' बन्दीपुरमा गत भदौको दोस्रो सातादेखि पर्यटकको चहलपहलमा वृद्धि हुँदै गएपछि यहाँका होटल व्यवसायीहरुले राहतको महसुस गर्न थालेका छन् ।
समग्र बन्दीपुरको विकासमा टेवा बन्दीपुर केबुलकार र होटल सञ्चालनमा आएपछि समग्र बन्दीपुरको पर्यटन प्रवद्र्धनमा आमूल परिवर्तन हुने अपेक्षा गरिएको छ । समग्र बन्दीपुरको विकाससँगै यहाँ सञ्चालित होटल र होमस्टे प्रवद्र्धनमा ठूलो सहयोग पुग्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिए ।
'बन्दीपुरको विकासमा दूरगामी प्रभाव पार्नेछ', उनले भने, 'बन्दीपुरको पर्यटनमाथि उकासिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका सेमिनार हल पनि बन्दीपुरमा निर्माण भएकाले पर्यटनको सङ्ख्यामा वृद्धि हुन्छ ।' केबुलकारसँगै सिसाको भ्यू टावर, सिसाको पुललगायत मनोरञ्जनात्मक र साहसिक खेलका लागि निर्माणका कार्य तीव्र गतिमा भइरहेको छ ।
बन्दीपुरका खड्गमाई, बिन्दावासिनी, चामुण्डा र थानीमाईलाई जोडेर चारधामका रुपमा पर्यटन प्रवद्र्धन गर्न लागिएको छ ।

## शेयर निष्कासनको तयारी

त्यसैगरी १२ प्रतिशत शेयर निकाल्ने तयारी गरिरहेको कम्पनीले जनाएको छ । यसमध्ये १० प्रतिशत कर्मचारी र सर्वसाधारणका लागि हुनेछ भने दुई प्रतिशत स्थानीयवासीका लागि छुट्याइनेछ । केबुलकार र 'क्विन टावर' र होटल सञ्चालनमा ल्याउनु अगावै शेयर निष्कासन गर्ने लक्ष्य राखिएको कम्पनीका अध्यक्ष शर्माले जानकारी दिए । 'दुई करोड ५५ लाख रुपैयाँको १२ प्रतिशत शेयर निकालिनेछ', उनले भने, 'केबुलकार तयारी अवस्थामा छ तर केबुलकार घुम्ने स्थानमा केही काम गर्नुपर्ने भएकाले असर पुग्ने देखिएका कारण रोकिएको हो ।'

# इजराइल र हमासबीच चार दिने युद्धविराम र बन्धक रिहा गर्ने सम्झौता

**एएफपी**
**दोहा ।**
इजराइल र हमासले गाजामा ५० बन्धकलाई रिहा गर्ने बदलामा चार दिनको मानवीय विराममा सहमति जनाएको कतारले पुष्टि गरेको छ । 'मानवीय विरामको सुरुआती समय अर्को २४ घन्टाभित्र घोषणा गरिनेछ र विरामको विस्तार चार दिनसम्म हुनेछ', कतारको विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, 'सम्झौतामा इजराइली कारागारहरूमा थुनिएका प्यालेस्टिनी महिला तथा बालबालिकाको रिहाइको सट्टामा गाजापट्टीमा हालै बन्धक बनाइएका ५० महिला तथा बालबालिकाको रिहाइ समावेश छ, सम्झौता कार्यान्वयन भएपछि विभिन्न चरणमा रिहा गरिने मानिसहरूको सङ्ख्या बढाइने सहमति भएको छ ।' अस्थायी युद्धविराम र मानवीय सहायताकालागि पहुँचको सट्टामा गाजामा बन्दी बनाइएका दुई सय ४० जनामध्ये केहीलाई मुक्त गर्ने उद्देश्यले कतार केही सातादेखि पर्दा पछाडि गहन वार्तामा संलग्न रहेको छ ।
सम्झौता इजिप्ट र अमेरिकाका साथै हमास र इजराइलसँग गरिएको र 'मानवीय आवश्यकताहरूका लागि तोकिएको इन्धनसहित ठूलो सङ्ख्यामा मानवीय समूह र राहत सहयोगको प्रवेश' समावेश गरिएको कतारले बताएको छ ।
हमासले रिहा गर्ने सुरुआती ५० महिला तथा बालबालिका सुरुआती चार दिनको युद्धविराम लम्ब्याउन थप बन्धकको रिहाइ पछि गरिने आशा गरिएको थियो । कतारका अनुसार इजराइल र हमासबीचको अस्थायी अन्त्य तुरुन्तै लागु हुने छैन र धरातलीय स्तरमा तयार हुनका लागि केही समय आवश्यक हुनेछ । बन्धक र जेलमा रहेका बन्दीहरूको आदानप्रदानमा रेड क्रिसेन्टका कर्मचारीका साथै इजराइल, हमास र कतारका अधिकारीहरूले सहजीकरण गर्नेछन् ।

# वरीयताको तेस्रो स्थानमा उक्लिए कोहली

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतका भरपर्दा ब्याट्सम्यान विराट कोहलीले आईसीसी एकदिवसीय क्रिकेटको वरीयतामा एक स्थान सुधार गरेका छन् । आईसीसीको पछिल्लो वरीयतामा कोहली चौथो स्थानबाट एक स्थान सुधार गर्दै तेस्रो स्थानमा उक्लिएका छन् । भर्खरै सकिएको एकदिवसीय विश्वकप क्रिकेटमा ७ सय ६५ रन बनाउँदै कोहली प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी बनेका थिए ।
एकदिवसीय ब्याटिङ वरीयताको शीर्ष स्थानमा भारतकै ओपनर ब्याटर शुभमन गिल यथावत् छन् । गिलको रेटिङ प्वाइन्ट ८२६ छ भने कोहलीको रेटिङ प्वाइन्ट ७९१ छ । योसँगै कोहली फेरि एक पटक एकदिवसीय वरीयताको शीर्ष स्थानमा पुग्ने सम्भावना बलियो भएको आईसीसीले जनाएको छ । एकदिवसीय वरीयताको दोस्रो स्थानमा पाकिस्तानका बाबर आजम यथावत् छन् । भारतीय टिमका कप्तान रोहित शर्मा एक स्थान सुधार गर्दै वरीयताको चौथो स्थानमा छन् । पाँचौँ स्थानमा दक्षिण अफ्रिकाका ओपनर ब्याट्सम्यान क्विन्टन डी कक छन् ।
त्यसैगरी एकदिवसीय बलिङ वरीयताको शीर्ष स्थानमा दक्षिण अफ्रिकाका केशव महाराज उक्लिएका छन् । भारतका मोहम्मद सिराजलाई पछि पार्दै महाराज शीर्ष स्थानमा उक्लिएका हुन् । एकदिवसीय बलिङ वरीयताको दोस्रो स्थानमा अस्ट्रेलियाका जोश हेजलवूड, तेस्रो स्थानमा मोहम्मद सिराज, चौथो स्थानमा भारतका जसप्रीत बुमराह र पाँचौँ स्थानमा अस्ट्रेलियाका एडम जाम्पा छन् ।



# समावेशी आरक्षणमा यादवको फरक मत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले जनताको शैक्षिक र आर्थिक स्तरको आधारमा समावेशी आरक्षणको मापदण्ड तोक्नु पर्ने सुझाव दिएका छन् ।
देशमा समावेशीकरण र आरक्षणको मापदण्ड र यसको उपभोग त्रुटिपूर्ण रहेको टिप्पणी गर्दै उनले हालको मापदण्ड परिमार्जन गर्नु पर्ने बताए ।
काठमाडौँको पुल्चोकस्थित राष्ट्रिय समावेशी आयोगको छलफलमा अध्यक्ष यादवले भने, 'हामीले संघर्ष गरेर समाजको जुन वर्ग, समुदाय र व्यक्तिका लागि समावेशी, समानुपातिक र आरक्षण जस्ता प्रावधान ल्यायौँ, पिँधमा पारिएका तिनै व्यक्ति यी सुविधाबाट वञ्चित छन् ।'
समावेशी आयोगले पिछडावर्गको नयाँ परिभाषा र मापदण्ड तय गर्न सुझाव संकलनका लागि जसपा अध्यक्ष यादवसँग छलफल गरेको हो ।
पछाडि पारिएका सीमान्तकृत वर्गभित्रकै हुनेखाने चतुर व्यक्तिले आरक्षणको दुरुपयोग गर्दै आएको अध्यक्ष यादवले टिप्पणी गरे ।
काठमाडौँमा घर भएका, व्यापार व्यवसायमा जमेका, आर्थिक एवम् शैक्षिक रुपले बलियो भएका व्यक्ति नै सबैभन्दा बढी आरक्षणको दुरुपयोग गरेको उनले बताए ।
'पिछडा वर्गभित्रका आर्थिक, शैक्षिक र राजनीतिकरुपले सक्षम भएका जुनसुकै जाति वा व्यक्तिलाई आरक्षणको सुविधा दिनुहुन्न,'
पिछडावर्गको नयाँ मापदण्ड तोक्ने सवालमा आयोगलाई सुझाव दिँदै अध्यक्ष यादवले भने, 'जाति वा वर्ग होइन, गरिबी र शैक्षिकस्तरको आधारमा आरक्षणको सुविधा दिनुपर्छ ।'
भाषा, धर्म र जातिलाई आधार मानेर अल्पसंख्यकको परिभाषा र मापदण्ड तोक्नु पर्ने उनले बताए ।
गरिबीको रेखामुनि रहेका बहुसंख्यक जनता राज्यको सेवा सुविधाबाट वञ्चित हुनु परेको भन्दै अध्यक्ष यादवले भने, 'जनसंख्यालाई आधार मानेर अल्पसंख्यकको सुविधा दिनु गलत हो, ऊ संख्याको हिसाबले अल्पसंख्यक हुनसक्छ ।
तर आर्थिक र शैक्षिकरुपले वर्गमा बलियो छ भने उसलाई पिछडावर्गले पाउने सुविधा दिनहुन्न । बरु उसलाई जातीय अल्पसंख्यक कोटामा राख्न सकिन्छ ।'



सामाच चकेवा खेल्दै दिदीबहिनी । तस्बिरःसञ्जीतकुमार मण्डल

# हिंसापीडितलाई इन्सेकको सहयोग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
घरेलु हिंसाबाट पीडित धनगढीमाई नगरपालिका—९ की ३० वर्षीया सरस्वती कुमारी शर्मालाई इन्सेक मधेश प्रदेश कार्यालय जनकपुरले आर्थिक सहयोग गरेको छ । घरेलु हिंसाबाट घाइते भई उपचार तथा न्यायिक प्रक्रियाका लागि इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले पीडितलाई घर पुगेर ८ हजार रुपैयाँ आर्थिक सहयोग गरेका हुन् ।
शर्मालाई उनका ३५ वर्षीय पति जितेन्द्र कुमार ठाकुरले भदौ २७ गते घरायसी विवादमा कुटपिट गरी ज्यानमार्ने प्रयास गरेको पीडितले बताइन् । कुटपिटपछि घाइते शर्माको उपचार लहानस्थित सप्तऋषी अस्पतालमा सोही दिन भएको थियो ।
कुटपिटपछि फरार पतिले उपचार पनि नगराएको र खान लगाउन पनि नदिएको साथै आफ्नो आर्थिक अवस्था कमजोर भएकाले घरपरिवार चलाउन र न्यायिक प्रक्रियामा जान समस्या भएको पीडित शर्माले बताइन् ।
घटनापछि आरोपितलाई कारबाहीको लागि इलाका प्रहरी कार्यालय लहानमा भदौ २८ गते उजुरी दिइएको शर्माले बताइन् ।
इलाका प्रहरी कार्यालय लहानका इन्सपेक्टर अविनाश अधिकारीका अनुसार आरोपित फरार रहेकाले खोजतलास भइरहेको छ ।
इन्सेक मधेश प्रदेशका संयोजक पासवानले पीडितको आर्थिक अवस्था कमजोर रहेकाले उपचार तथा न्यायिक प्रक्रियामा जान आर्थिक सहयोग प्रदान गरिएको बताए ।

# संघीय राजधानीमा थप पाँच निषेधित क्षेत्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रशासन कार्यालय काठमाडौँले थप पाँच क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ ।
दुर्गा प्रसाईं र युवा संघले बिहीबार गर्न लागेका छुट्टाछुट्टै कार्यक्रमबाट हुनसक्ने सम्भावित सुरक्षा चुनौतीलाई लक्षित गरेर जिल्ला प्रशासन कार्यालय काठमाडौँले थप निषेधित क्षेत्र घोषणा गरेको हो ।
जिल्ला सुरक्षा समितिको सिफारिसमा प्रशासनले महाराजगञ्जस्थित राष्ट्रपतिको कार्यालय शितल निवास, प्रधानमन्त्री निवास बालुवाटारसहित पाँच क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको हो ।
राष्ट्रपति कार्यालय शितल निवासमा पूर्वतर्फ पवित्र वर्कसपसम्म, पश्चिममा सामाखुसी निस्कने नालासम्म, उत्तरमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको दक्षिण पूर्वी गेटसम्म र दक्षिणतर्फ प्रहरी अस्पताल जाने मोडसम्म निषेधित क्षेत्र घोषणा गरिएको छ । यसैगरी, प्रधानमन्त्री निवास बालुवाटारका लागि पवित्र वर्कसप चोकबाट बालुवाटारतर्फ नेपाल राष्ट्र बैंक चोकसम्म र सभामुख निवासदेखि गैह्रीधारा जाने बाटोको पश्चिम दक्षिण १ सय मिटरसम्म, प्रधान न्यायाधीश निवासबाट लाजिम्पाट जाने १ सय मिटर पश्चिमसम्म, राष्ट्र बैंक चोकबाट पूर्वतर्फ १ सय मिटरसम्म र इटालिया चोकबाट ५० मिटर दक्षिणसम्म निषेधित क्षेत्र तोकिएको छ ।
यसैगरी संसद् भवन नयाँ बानेश्वरमा संसद् भवनको चारैतर्फको सडकसम्म, संसद् भवनको दक्षिण मोड (यातायात व्यवस्था विभाग) देखि पूर्वतर्फ मिनभवन चोकसम्म निषेधित क्षेत्र तोकिएको छ ।
सिंहदरबारमा भद्रकाली मन्दिर पूर्व तिनकुने आइल्याडको पूर्वी कुनादेखि पूर्वतर्फ सिंहदरबार मूलगेटसम्म, सिंहदरबार मूलगेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय मोडसम्म, पद्मोदय मोडदेखि पूर्वतर्फ महालेखा परीक्षक कार्यालय अगाडि हुँदै अनामनगरतर्फ जाने सिंहदरबारको उत्तरपूर्वी मोड र सो मोडबाट सिंहदरबार पूर्वी गेट हुँदै हनुमानस्थान मन्दिरसम्म निषेधित क्षेत्र तोकिएको हो ।
यस्तै, सिंहदरबार पश्चिम गेटदेखि सर्वोच्च अदालत अगाडि हुँदै माइतीघर मण्डलासम्म, माइतीघर मण्डलादेखि सिंहदरबार दक्षिण गेट हुँदै हनुमानस्थान मन्दिरसम्म, बबरमहलस्थित जिल्ला अदालत मोडको प्रवेश मार्गदेखि जिल्ला प्रशासन कार्यालय उत्तरतर्फको मोडसम्म निषेधित क्षेत्र तोकिएको छ ।

# मन्दिरको गहनासहित नाबालक पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको गौशाला नगरपालिकास्थित दुर्गा मन्दिरबाट चोरी भएको गहनासहित नाबालक पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय गौशालाका प्रमुख प्रहरी निरीक्षक मनोज कुमार यादवले गौशाला बजारमा रहेको दुर्गा मन्दिरबाट छठको पारणको दिन चोरी भएको सुनको नथिया र टिकासहित नाबालक पक्राउ परेको बताए ।
मन्दिरबाट चोरी भएको १४ आना बराबरको सुनको नथिया र टिकासमेत नाबालकबाट बरामद भइसकेको प्रहरी निरीक्षक यादवले जानकारी दिँदै थप अनुसन्धान जारी रहेको बताए ।
गौशाला बजारको बीचमा रहेको मन्दिर कार्तिकमा दुर्गा पूजाको अवसरमा धुमधामका साथ पूजाआजा गरी सञ्चालनमा ल्याइएको हो । माता दुर्गाका आभूषणका लागि भारतबाट करिब १० लाख रुपैयाँका गरगहना खरिद गरिएको बताउँदै पुजारी काशिकान्त झाले सोमबार मूर्तिबाट गरगहना चोरी भएको देखेपछि प्रहरीमा खबर गरिएको जानकारी दिए ।
प्रहरीले मन्दिरमा चोरी भएको घटनाको अनुसन्धान गर्दै जाँदा नाबालक पक्राउ परेका हुन् ।

# एन्टिबायोटिक्स कम सिफारिस गर्न अपिल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जथाभावी एन्टिबायोटिक औषधी सेवनका कारण रोगसँग लड्ने क्षमताको ह्रास हुनुका साथै एन्टिबायोटिक्स औषधीले काम गर्न छाडेका बताइएको छ ।
यो स्वास्थ्य क्षेत्रका लागि गम्भीर चुनौती बनेको विज्ञहरूले बताए ।
एन्टिबायोटिक्स कम प्रयोग र नभई नहुने अवस्थामा मात्रै प्रयोगका लागि बिरामीलाई प्रेस्क्रिप्सन लेख्न चिकित्सिकलाई उत्प्रेरित गर्ने उद्देश्यले जनकपुरधाममा एन्टिबायोटिक्ससम्बन्धी सप्ताहव्यापी कार्यक्रम अन्तर्गत बुधबार प्रदेशका अगुवा स्वास्थ्यकर्मीको सहभागितामा जनचेतनामूलक कार्यक्रम भएको छ ।
विश्व स्वास्थ्य सङ्गठनको सहयोग तथा मधेश प्रदेशका स्वास्थ्य निर्देशनालयको संयोजनमा भएको कार्यक्रममा चिकित्सकलाई कम एन्टिबायोटिक्स औषध खानका लागि बिरामीलाई सुझाव दिन आग्रह गरिएको छ । संसारमा थोरै जीवन रक्षक एन्टिबायोटिक्स औषधी उत्पादन भएको र यसको जथाभावी प्रयोगले यसले काम गर्न छाडेपछि मानव जीवन नै सङ्कटमा पर्ने भएकाले कम प्रयोग गर्न कार्यक्रम गरिएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालित प्रादेशिक अस्पतालका निर्देशक डा. रामनरेश पण्डितले जानकारी दिए ।
अहिले सामान्य भन्दा सामान्य स्वास्थ्य समस्यामा पनि औषधी पसल गएर एन्टिबायोटिक्स औषधी किनेर खाने प्रचलन सर्वसाधारणमा बढ्दै गएकाले यसलाई निरुत्साहित गर्न औषधीका बिक्रेताको साथ र सहयोग आवश्यक भएको मधेश प्रदेशका स्वास्थ्य निर्देशक डा. राजीव कुमार झाले जानकारी दिए ।
विनाचिकित्सकको पुर्जीविना औषधी नै नदिन उनले औषधी बिक्रेतासँग अनुरोध गरे ।
'अहिले संसारमा विभिन्न समूहका ५० देखि १ सय प्रकारका एन्टिबायोटिक्स औषधी उत्पादन भइरहेको छ । अत्यधिक एन्टिबायोटिक्सको सेवनले कतिपय व्यक्तिमा ती औषधीले काम गर्न छाडेपछि मान्छेको मृत्यु हुनुको कुनै विकल्प हुँदैनन्,' डा. पण्डितले जानकारी दिए ।
एन्टिबायोटिक्स औषधी अति आवश्यक भएको खण्डमा कम भन्दा कम मात्र लेख्न आवश्यक भएको बताउँदै यसका लागि सबै चिकित्सकको साथ र सहयोग आवश्यक भएको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका प्रमुख डा. श्रवण कुमार मिश्रले जानकारी दिए ।

# सांसदको शपथ



जसपाबाट मधेश प्रदेशसभा सदस्य बनेकी सञ्जिलाकुमारीले यादव पद तथा गोपनीयताको शपथ लिएकी छन् । उनलाई बुधबार मधेश प्रदेश सभा सचिवालयमा सभामुख रामचन्द्र मण्डलले उनलाई शपथ ग्रहण गराएका हुन् । भदौमा जसपाकी समानुपातिक प्रदेश सांसद बिन्दु कुमारी यादवको निधन भएपछि उनको ठाउँमा सिफारिस यादवले मैथिली भाषामा शपथ लिइन् ।

# अमरेशमाथि आक्रमण सुनियोजित कि पटके गुण्डागर्दी ?

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा सदस्य डा. अमरेश कुमार सिंह सवार गाडीमाथि आक्रमण भएको छ । सिंह सवार गाडीलाई ओभरट्याक गर्दै गाडीमा सवार समूहले तथानाम गालीगलौज गरेपछि उनले कारबाही माग गरेका छन् ।
स्वतन्त्र सांसद डा. सिंहले आफ्नो गाडीलाई ओभरट्याक गर्दै ५–६ जना चढेको गाडीले ठक्कर दिएको सामाजिक सञ्जालमा लेखेका छन् ।
सर्लाहीस्थित बलराबाट एयरपोर्ट जाँदै गर्दा धनकौल गाउँपलिकास्थित सेखौनामा गुण्डागर्दी शैलीमा गाडीमा सवार समूहले उनको गाडीमा ठक्कर दिएको सिंहले बताए ।
उनले भनेका छन्, 'सुधिर सिंह उर्फ मुन्ना भनिने व्यक्तिले बा१७च ९६३२ नम्बरको गाडीमा ५–६ जनाको समूहमा गुण्डागर्दी शैलीमा ओभरट्याक गर्दै गालीगलौज गरेर गाडीलाई ठक्कर दिने काम गरे ।' सिंहले गुण्डागर्दी शैलीमा ओभरट्याक गर्दै ठक्कर दिने र गालीगलौज गर्नेलाई कारबाही गर्न गृह प्रशासनसँग माग पनि गरेका छन् । सिंहले सामाजिक सञ्जालमा लेखेर कारबाही माग गरे पनि प्रहरीमा उजुरी भनेको परेको पाइएको छैन ।





अर्कातिर सिंहले सामाजिक सञ्जालमा गुण्डागर्दी गर्ने समूहको परिचय र गाडीको हुलिया पनि बताएकाले उनलाई आक्रमण गर्ने समूहबारे सिंह जानकार छन्जस्तो देखिन्छ । उनले सामाजिक सञ्जालमा थप केही त बताएका छैनन् । तर गालीगलौजसहित गाडीसमेत ठोकाएर दुःख दिने समूहबारे उनी जानकार नै रहेकाले उठेको जिज्ञासा हो, 'उनलाई आक्रमण गर्नेहरु सुनियोजित ढंगले आएका या परिचालन भएका हुन् कि सडकमा दादागिरी गर्दै हिँड्ने पटके गुण्डाटोली हुन् ?' सर्लाही प्रहरी प्रशासनले यसबारे केही बताएको छैन । सिंहले पनि सामाजिक सञ्जालमा कारबाही मात्र माग गर्नुले कतै सिंहसँग कुनै रिसइबी साँध्न पो यस्तो भयो कि ? जे होस्, विमानस्थल जान लागेका सांसदमाथि सडकमै गाडी ठोक्काएर दुःख दिनेलाई प्रहरी प्रशासनले निगरानी गर्न भने जरुरी छ । राजमार्गमा सांसद नै असुरक्षित हुनु पक्कै प्रहरी प्रशासनको खिल्ली उडाउने काम हो ।

# फतुवा विजयपुरमा ताला फुटाएर अधिकृत हाजिर

**सञ्जय मिश्रा**
**रौतहट ।**

फतुवा विजयपुर नगरपालिकाको मूलगेटमा लगाइएको ताला फुटाएर बुधबार प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानले हाजिर गरेका छन् । कार्यबाहक मेयर अम्बेया खातुनको पहलमा स्थानीय प्रहरीप्रशासन तथा जनप्रतिनिधिको रोहवरमा नगरपालिकाको कार्यालयको मूलगेटमा लगाइएको ताला फुटाइएको हो ।



अधिकृत प्रधानलाई कार्यबाहक मेयर खातुनले टिका र माला लगाई स्वागत गरिन् । बुधबारदेखि नै प्रधानलाई नगरको प्रमुख प्रशासकिय अधिकृतका रूपमा कामकाज सुरु गराइन् । प्रमुख प्रशासकीय अधिकृत प्रधानले बिहीबारदेखि नै सम्बन्धितको बैंक खातामा सामाजिक सुरक्षा भत्ता पठाउन सुरु गर्ने र एक महिनाभित्र नगरको सम्पूर्ण समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । 'सबभन्दा पहिले सामाजिक सुरक्षा भत्ता वितरणको काम सुरु गरेर केही दिनभित्र कार्यपालिका बोर्डको बैठक बोलाएर नगरसभा तथा कर्मचारीको तलब वितरण गरी आर्थिक कारोबार सञ्चालन गराउनेछु,' उपसचिव प्रधानले बताए । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले असोज २६ गते फतुवा विजयपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतमा उपसचिव प्रधानलाई जिम्मेवारी दिएर पठाएको थियो । मन्त्रालयको चिठीसहित हाजिर हुन आएका प्रधान नेपाली कांग्रेसबाट निर्वाचित वडा अध्यक्षहरुको बिरोधका कारण हाजिर हुनसकेका थिएनन् । फतुवा विजयपुरमा कोरोनाकालमा प्रमुख प्रशासकीय अधिकृत रहिसकेका प्रधानले विभिन्न शीर्षकमा लाखौँ रुपैयाँ अनियमितता गरेको भन्दै केही वडा अध्यक्षले कार्यबाहक प्रमुख प्रशासकीय अधिकृत शम्भु यादव नै हुनुपर्ने माग गरेका थिए । तर कार्यबाहक मेयर खातुनले प्रमुख प्रशासकीय अधिकृतमा उपसचिव प्रधान आएपछि भ्रष्टाचार गर्न कठिन हुने र यादव हुँदा सहज हुने भएकाले मात्र उनीहरूले प्रधानमाथि त्यस्तो आरोप लगाएर बिरोध गरेको भन्दै खण्डन गरिन् । मेयर खातुन र केही वडा अध्यक्षबीच प्रमुख प्रशासकीय अधिकृतकै बिषयलाई लिएर तनाव बढेपछि वडा अध्यक्षहरुले केही कर्मचारी अगाडि सारेर दशैँअघि नै नगरपालिकाको कार्यालयमा तालाबन्दी गराएको वडा नम्बर ६ का अध्यक्ष सञ्जय यादवले बताए । झण्डै दुई महिनाअघि नेपाली कांग्रेसबाट निर्वाचित वडा अध्यक्षहरुले लगाएको ताला बुधबार फुटाउनेक्रममा मेयर खातुन, वडा नम्बर २ का अध्यक्ष सञ्जय यादव, वडा नम्बर ६ का अध्यक्ष राम एकवाल यादव, वडा नम्बर १० का अध्यक्ष मञ्जय चौधरी, उपसचिव सुरेन्द्र प्रधानका साथै सैयौँ स्थानीय उपस्थित थिए । फतुवा विजयपुर नगरपालिकामा कार्यबाहक मेयर खातुन र केही वडा अध्यक्षबीच तालमेल नमिलेका कारण असार १० गतेभित्र हुनुपर्ने नगरसभा झण्डै ६ महिना बित्न लाग्दासम्म हुनसकेको छैन । हालसम्म नगरसभा नभएका कारण नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबार ठप्प भएर झण्डै तीनसय ५० शिक्षक, कर्मचारीले साउनदेखि तलब पाउन सकेका छैनन् भने हिन्दूको महान पर्व दशैँ, तिहार, दीपावली, छठमा पनि सामाजिक सुरक्षा भत्ता वितरण हुन नसकेको नेकपा एमाले फतुवा विजयपुर नगर कमिटी सचिव सन्तोष कुमार साहले बताए ।

फतुवा विजयपुर नगरपालिकास्थित लालबकैया नदीको टेन्डरमा नेपाली कांग्रेसबाट निर्वाचित तत्कालीन मेयर गोपाल राय यादव दोषी ठहर भएपछि कांग्रेसकै उपमेयर खातुन कार्यबाहक बनेकी हुन् ।

**निर्धारित समयमा किन भएन नगरसभा**

असार १० गते नगरसभा गर्न कार्यपालिका बोर्डले गरेको निर्णयअनुसार तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत शम्भु यादवले सूचना सार्वजनिक गरेका थिए । सोही सूचनाका आधारमा फतुवा विजयपुरको नगरसभा असार १० गते हुने भनेर कैयौँ मिडियाले समाचारसमेत सम्प्रेषण गरेका थिए । तर मात्र चारदिन नगरसभाको दिन बाँकी छँदा कांग्रेस पार्टीकै केही नेताले बलपूर्वक नगरसभा रोक्न लगाएको कार्यवाहक मेयर खातुनकी पति महमद सेराजले बताए ।

तत्कालीन मेयर यादवको पद अख्तियारबाट फुकुवा भएपछि उनकै अध्यक्षतामा नगरसभा गर्ने मनसायले कांग्रेसका केही ठूला नेताको इशारामा असार १० गतेको नगरसभा हुन नदिएका कारण हालसम्म नभएर नगरेको सम्पूर्ण आर्थिक कारोबार ठप्प भएर कर्मचारीले तलब पाउन नसकेको तथा सामाजिक सुरक्षा भत्ता वितरण हुन नसकेको सेराजले गुनासो गरेका छन् ।

त्यतिमात्र नभएर फतुवा विजयपुर नगरपालिका सञ्चालन गर्न अन्य दलका निर्वाचित जनप्रतिनिधि तथा नेताले सहयोग गरिरहेका छन् भने कांग्रेसका निर्वाचित जनप्रतिनिधि र नेताले विभिन्न बखेडा बनाएर बाधा उत्पन्न गर्दै आएको मेयर खातुनकी पति सेराजले गुनासो गरे ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालको सिफारिसमा विशेष अदालतले फतुवा विजयपुरका तत्कालीन मेयर यादवलाई लालबकैया नदीको टेन्डरमा दोषी ठहर गर्दै तीन वर्ष कैद र १५ लाख रुपैयाँ जरिवाना निर्णय भएको थियो ।

यसैबीच फतुवा विजयपुर नगरपालिका नियमित सञ्चालन गराउन सर्वदलीय बैठकले आन्दोलनको कार्यक्रम घोषणा गरेको छ । संघर्ष समितिका अध्यक्ष नेकपा एमालेका प्रतिनिधि शिवपुजन यादवको नेतृत्वमा गएको सर्वदलीय टोलीले जिल्ला प्रशासन कार्यालय गौरमा ज्ञापनपत्र बुझाएको थियो । संघर्ष समितिका अध्यक्ष यादवका अनुसार आज बिहबिार फतुवा विजयपुरमा प्रदर्शन गर्ने तथा नगरपालिका सुचारु नभए मंसिर ९ गतेदेखि चक्काजाम गर्दै नगरपालिका अगाडि धर्ना दिने कार्यक्रम रहेको थियो ।

# विभेद गर्नेलाई कारबाही माग



मधेशदृष्टि
रौतहट ।

वृन्दावन नगरपालिका कार्यपालिका सदस्य राजेश पासवानलाई छठघाटमा विभेद गर्नेलाई कानुनी कारबाहीमा जाने निर्णय भएको छ । श्रीराम सुगर मिल्स गरुडाको प्राङ्गणमा दलित अगुवा बसेको बैठकमा विभेद गर्नेउपर मुद्दा प्रकृयामा जाने निर्णय भएको हो । बहुअरी पिपरिया छठघाटमा जातीय विभेद तथा छुवाछूतको बहानामा छठघाटको पान्डालमा पसेको निहुँमा पासमानलाई भएको अभद्र व्यवहार गाली बेइज्जतीविरुद्ध कानुनी उपचार खोज्ने निर्णय गरिएको बैठकमा सहभागी जसपाका नेता राजकुमार दासले बताए । छठपर्वको अवसरमा पूजा गर्न गएका पासमानलाई वृन्दावन नगरपालिका घर भई सानु किम्ताङ माध्यमिक विद्यालय म्याङ गाउँपालिका–४ नुवाकोटमा कार्यरत प्रधानाध्यापक भरत प्रसाद यादव र अधिकृत पदका कर्मचारी शंकर ठाकुरलगायतले विभेदसँगै दुर्व्यवहार गरेको पीडितले बताए । दलित नेटवर्कका अध्यक्ष धर्मेन्द्र पासवानको अध्यक्षतामा बुधवार गरुडामा बसेको बैठकमा रौतहटका दर्जनौं दलित अगुवाको सहभागिता थियो ।

# शिक्षकले तलब पाएनन्

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सागढी नगरपालिकाको वडा नम्बर ७ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय टिकुलियामा नगरपालिका र विद्यालय व्यवस्थापन समितिको विवादले साउनदेखि शिक्षक तथा विद्यालय कर्मचारीले तलब पाएका छैनन् । विद्यालय व्यवस्थापन समितिको सहमति नलिई पर्सागढी नगरपालिकाले कामकाजमा खटाएका शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले हाजिर नगराउँदा उत्पन्न विवादका कारण साउनदेखि तलब रोकिँदा समस्यामा परेको शिक्षकहरुले बताए । दशैँ, तिहार, छठ पर्वमा समेत तलब नपाउँदा आफूहरु मर्कामा परेको तथा विद्यालय व्यवस्थापन समितिले कुनै चासो नलिएको शिक्षकहरुले आरोप लगाए । यसैबीच नेपाल आधारभूत विद्यालय टिकुलियाका प्रधानाध्यापकले बुधबार शिक्षा विकास तथा समन्वय इकाइ पर्साका प्रमुखलाई नगरपालिकासँग समन्वय गरी तलब निकासा गरि दिन आग्रह गरेका छन् । पर्सागढी नगरपालिकाले शिक्षक संजय प्रसाद यादवलाई कामकाजका लागि खटाएको र विद्यालय व्यवस्थापन समितिले यादवलाई हाजिर नगराएका कारण समस्या उत्पन्न भएको हो ।

# विद्यार्थीहरुद्वारा दीप प्रज्ज्वलन

**मधेशदृष्टि**
**वीरगंज ।**

ओम इन्टरनेशनल कलेजका प्रबन्ध निर्देशक डा. लालबाबु प्रसाद यादवको असामयिक निधनमा समवेदना प्रकट गर्दै बुधबार साँझ कलेजका विद्यार्थीले वीरगंजको घण्टाघरमा मैनबत्ती बालेर शोक तथा श्रद्धाञ्जली सभा गरेका छन् । कात्तिक १६ गते बाराको सिसहनिया चोकमा मोटरसाइकल दुर्घटनामा परेर गम्भीर घाइते यादवको काठमाडौंस्थित नर्भिक अस्पतालमा उपचारक्रममा सोमबार निधन भएको थियो । वीरगंजको ओम आश्रमस्थित ओम इन्टरनेशनल कलेजका संस्थापक डा.यादव वीरगंजमा विज्ञान विषयको विज्ञका रुपमा स्थापित थिए । यादवको निधनले ओम इन्टरनेशनल कलेजले अभिभावक गुमाएको भन्दै विद्यार्थीले शोक व्यक्त गरे ।

# कार्तिक पूर्णिमा मेलाका लागि समिति

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पर्सागढी नगरपालिका वडा नम्बर ३ मा रहेको प्रसिद्ध धार्मिकस्थल आमोदेवी मन्दिरको प्राङ्गणमा लाग्ने मेलाको आयोजक समिति गठन भएको छ । कार्तिक पूर्णिमाका दिन लाग्ने मेलाको पर्सागढी नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष सुकमान तामाङ्गको अध्यक्षतामा बसेको बैठकले मेला आयोजक समिति गठन गरेको हो । समितिमा उपाध्यक्ष वडा नम्बर ४ का वडा अध्यक्ष सेख खुर्सेद, कोषाध्यक्ष सर्बत लाल दास, सचिव कुसुम दास थारु, सदस्य सीता लामा, रामजीवन खा थारु, जीत बहादुर स्याङबो, दिलीप चौधरी थारुलगायत छन् ।

त्यसैगरी, महेश पंजियारको अध्यक्षतामा ६ सदस्यीय जग्गा व्यवस्थापन समिति गठन भएको छ । प्रेम साह कानुको अध्यक्षतामा ९ सदस्यीय शान्ति सुरक्षा समिति गठन गरिएको वन समितिका अध्यक्ष दिलीप चौधरी थारुले बताए । मेला मङ्सिर ११ गते लाग्ने छ ।

# हात्तीले पाँच घर भत्कायो

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पटेर्वासुगौलीमा जंगली हात्तीले आतंक मच्चाएको छ । हात्तीले मंगलबार राति पटेर्वासुगौली गाउँपालिका वडा नम्बर–४ टोल पथलवाघाटमा स्थानीय ५ जनाको घर भत्काएको छ ।

पर्सा राष्ट्रिय निकुन्जबाट आएको हात्तीले स्थानीय मेघनाथ राम, राजदेव राम, दसै राम, आसा माझी, गणेश मुसहर र बिश्वानाथ मुसहरको घर भत्काएको हो । साथै हात्तीले स्थानीयको घरमा रहेको धान, चामललगायतका खाद्यान्न खाएर तथा छरेर नष्ट गरिदिएको छ । हात्तीले अन्य व्यक्तिको समेत घर भत्काउन थालेपछि स्थानीयले आगो बालेर पटाका पट्काई हात्ती धपाएको स्थानीय वीरबहादुर रामले जानकारी दिए ।

## मधेशदृष्टि दैनिकको सूचना

मधेशदृष्टि दैनिकमा सरकारी कार्यालय तथा निजी संघसंस्था, फर्महरुको विभिन्न सूचना, विज्ञापन, जनहितका सन्देश प्रकाशन गराउन इच्छुक देशभरका तथा मधेश प्रदेशका मिडिया एजेन्सी, फर्म, कम्पनी, डिलरहरुलाई आफ्नो कागजातसहित २०८० मंसिर २५ गतेभित्र सम्पर्क गर्न सूचित गरिन्छ । सूचीकृत भएका फर्म, कम्पनी, एजेन्सी, डिलरहरुसँग सम्झौतापछि मात्रै आकर्षक कमिसन व्यवस्था र तोकिएका दिन विज्ञापन प्रकाशन गर्न मधेशदृष्टि समर्थ रहने जानकारी गराउन चाहन्छौं ।

**सम्पर्क:**

**मधेशदृष्टि दैनिक**

सम्पर्क नं.: ९८५५०२१२८१
इमेल: madheshdristi@gmail.com

# जग्गा कारोबारले गाउँमा आसा जगायो



**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साका ग्रामीण भेगमा जग्गाको मूल्यवृद्धि भएको छ । जग्गा खरिदबिक्री बढेसँग मूल्य बढ्दा स्थानीय आसावादी भएका छन् । लामो समयदेखि कारोबार नहुँदा निरासलाई केही आसा जागेको छ । गण्डक नहरभन्दा उत्तरका बस्तीमा जग्गाको खरिद बिक्री बढेको छ ।

हुलाकी सडक निर्माणपछि थरुहठ सडक निर्माणको काम भइरहँदा र यातायातको सुविधा तथा बिजुली बत्ती व्यवस्थापन भएकाले खरिदकर्ता आकर्षित भएका छन् । यसले जग्गाको मूल्य पनि बढेको छ ।

पटेर्वासुगौली–३, रामपुरका सेवानिवृत्त शिक्षक महेन्द्र चौधरीले विभिन्न व्यवसाय सञ्चालनका लागि जग्गाको खरिद बिक्री बढेको बताए । उद्योग, कलकारखाना, गाईपालन, भैँसीपालन तथा कुखुरा फार्मलगायतका व्यवसाय सञ्चालन गर्ने उद्देश्यले ठूलो क्षेत्रफलको जग्गाको माग बढेको उनको भनाइ छ । खोलाका छेउछाउको जग्गा पनि राम्रो मूल्यमा बिक्री हुन थालेको उनले बताए । त्यस्तै, पर्सागढी नगरपालिका–३ बिरवाका शिक्षक योगेन्द्र चौधरीले सडकमा मोहडा भएको जग्गाको मूल्य आकासिएको बताए । बजारमा साढे पाँच लाख रुपैयाँ प्रतिधुरका दरमा जग्गा बिक्री भइरहेको चौधरीले बताए । गाउँमा तीन वटा प्लटिङसमेत भइसकेको र कम्तीमा एक लाख असी हजार रुपैयाँ प्रतिधुरमा जग्गाको कारोबार भइरहेको उनले बताए । यसका अलावा धानखेतीको जग्गाको दाम पनि बढेको चौधरीको जिकिर छ ।

यता, पर्सा राष्ट्रिय निकुञ्जका कारण पर्यटन विकासको सम्भावना भएपछि जिराभवानी तथा ठोरी गाउँपालिकामा पनि जग्गाको माग बढेका वडा नम्बर १ शान्तिनगरका रविमोहन सापकोटाले बताए । निकुन्जको जंगलको सिमासँग जोडिएका अधिकांश ठाउँमा होटेल, लज, रेस्टुरेन्ट सञ्चालन गर्ने उद्देश्यले जग्गा खरिद भइरहेको सापकोटाले बताए ।

हुलाकी सडकसँग जोडिएका जग्गा २० लाख रुपैयाँ प्रतिकठ्ठाका दरमा खरिद बिक्री भइरहेको छ । दैनिक करिब आधा दर्जन व्यापारी जग्गाका लागि पुग्ने गरेका छन् । ठोरी वडा नम्बर ४ विजयबस्तीका राजनीतिकर्मी सन्तोष श्रेष्ठ जग्गाको दाम सन्तोषजनक रुपमा वृद्धि नभएको बताउँछन् । 'पाँच वर्षअघिको मूल्य अहिलेसम्म कायम छ, केही मात्र बढेको हो,' उनले भने, 'जग्गाको मूल्य खास बढेको चैँ होइन ।'

श्रेष्ठका अनुसार सर्वोच्च अदालतले चितवन राष्ट्रिय निकुन्जको जंगलमा भौतिक संरचना निर्माण गर्न नपाउने आदेश जारी गरेपछि जग्गाको मूल्य नबढेको हो । तर जग्गा खरिद गर्नेको चहलपहल भने बढेको छ ।

# पोखरामा पर्साका दुई क्रिकेटर



**मधेशदृष्टि**
**वीरगंज ।**

मंसिर १० गतेदेखि पोखरामा हुने 'केपी ओली टि–२० क्रिकेट प्रतियोगिता'मा मधेश प्रदेशका तर्फबाट पर्साका दुई खेलाडीले सहभागिता जनाउने भएका छन् ।

मदन भण्डारी स्पोटर्स एकेडेमीको आयोजनामा हुन लागेको प्रतियोगितामा पर्साका सम्साद अंसारी र ईमरान शेख मधेश प्रदेश टोलीमा चुनिएका छन् । पाँच दिनसम्म पोखरामा हुने प्रतियोगितामा देशैभरका १२ टिम सहभागी हुँदैछन् । ४ वटा समूहमा विभाजन गरिएको प्रतियोगिताको फाइनल खेल पोखरामै मंसिर १५ गते हुनेछ । मधेश प्रदेशसँगै नेपाल पुलिस र सुदूरपश्चिम प्रदेश तेस्रो समूह चरणमा छन् । जनकपुरका हरिशंकर साहको नेतृत्वमा रहेको मधेश प्रदेश टिमको पहिलो खेल नेपाल पुलिससँग हुनेछ ।

दोस्रो खेल मंसिर ११ गते सुदूरपश्चिम प्रदेशसँग हुनेछ । मधेश प्रदेशका क्रिकेट प्रशिक्षक प्रकाश शर्माका अनुसार प्रतियोगिताका लागि खेलाडी तयार छन् । शर्माले टिममा खेलाडीको पारस्परिक सहभागिताले प्रतियोगिताको प्रबल दाबेदारको रुपमा आफूहरुको रहेको बताए । टिममा नयाँ खेलाडीको आगमनसँगै हरेक दृष्टिबाट टिम सम्पन्न भएका कारण जीतको सम्भावना समेत उच्च रहेको उनले जानकारी दिए ।

# पूर्व क्रिकेट खेलाडी गुप्ताको निधन

मधेशदृष्टि
रौतहट ।



कटहरिया नगरपालिका–५ का पूर्व क्रिकेट खेलाडी विकेश गुप्ताको निधन भएको छ । लामो समयदेखि क्यान्सर रोगबाट ग्रसित ३० वर्षीय गुप्ताको मंगलबार राति घरमै निधन भएको हो ।

उनको लालबकैया नदी किनारमा बुधबार अन्तेष्टी गरिएको छ । उनको १५ वर्षअघि क्रिकेट खेल्नेक्रममा खुट्टामा चोट लागेको थियो ।

समयमा उपचार गराउन नसकेका कारण क्यान्सर लागेर मृत्यु भएको उनका साथीहरुले बताए ।

गुप्ताको अल्पायुमै मृत्यु भएका कारण कटहरियाका स्थानीय युवा अत्यन्तै मर्माहत बनेका छन् । उनको उपचारका लागि युवा समूहले लाखौँ रुपैया सहयोग जुटाएका पनि थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन